म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १६१ | सोमबार, १२ माघ २०८२ | ने. सं. ११४६ पोहेलागा | 26 January 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### बागमतीमा गीता देवकोटा र प्रेमप्रसाद दंगाल विजयी

# कानून निर्माणलाई प्राथमिकता दिने प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/राष्ट्रिय सभा सदस्य निर्वाचनमा बागमती प्रदेशबाट कांग्रेस-एमाले गठबन्धनका उम्मेदवार निर्वाचित भएका छन् ।

महिलातर्फ नेपाली कांग्रेसकी गीता देवकोटा र अन्य समूहबाट नेकपा एमालेका प्रेमप्रसाद दंगाल निर्वाचित भएका हुन् । महिलातर्फ निर्वाचित देवकोटाले प्रदेशसभातर्फ ६० मतसहित ३ हजार १८० मतभार प्राप्त गरिन् भने स्थानीय तहतर्फ १ सय ६१ मतसहित ३ हजार ५९ मतभार पाइन् । उनले कुल ६ हजार २ सय ३९ मतभार प्राप्त गरेको निर्वाचन अधिकृत गीता श्रेष्ठले जानकारी दिइन् । अन्य समूहबाट निर्वाचित दंगालले प्रदेशसभातर्फ ५९ मतसहित ३ हजार १ सय २७ मतभार प्राप्त गरे । स्थानीय तहतर्फ १ सय ६२ मतसहित ३ हजार ०७८ मतभार पाउँदै उनले कुल ६ हजार २०५ मतभार हासिल गरे ।

महिलातर्फ नेकपाकी उम्मेदवार सरोजकुमारी झाले २ हजार ५ सय २२ मतभार प्राप्त गरे भने नेमकिपाकी कविता महर्जनले १ सय ९७ मतभार पाइन् । अन्य समूहमा नेकपाका प्रेमप्रसाद सापकोटाले २ हजार ५ सय ४१ मतभार प्राप्त गरे भने नेमकिपाका विक्रम ढुकुक्षुले १ सय ९७ मतभार पाए । निर्वाचनमा प्रदेशतर्फको ३ मत र स्थानीय तहतर्फ ४ मत बदर भएको निर्वाचन अधिकृत श्रेष्ठले बताइन् । निर्वाचनमा बागमती प्रदेशसभाका ८९ जना प्रदेशसभा सदस्य र स्थानीय तहका २ सय २९ जना प्रमुख तथा उपप्रमुख गरी कुल ३ सय १८ जनाले मतदानमा सहभागी भए ।

प्रदेशसभातर्फ ४ हजार ७ सय १७ मतभार र स्थानीय तहतर्फ ४ हजार ३ सय ५१ मतभार खसेको थियो । कुल ९ हजार ०६८ मतभार खसेको निर्वाचन कार्यालयले जनाएको छ । हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान भएको थियो । निर्वाचनमा २० जना मतदाता अनुपस्थित रहे । अनुपस्थितमध्ये १५ जना प्रदेशसभा सदस्य र ५ जना स्थानीय तहका प्रमुख तथा उपप्रमुख रहेका छन् । राप्रपा र हाम्रो नेपाली पार्टीका प्रदेशसभा सदस्यहरुले मतदान प्रक्रियामा सहभागिता जनाएनन् ।

नेकपाकी रमा आलेमगर स्वास्थ्य उपचारका सिलसिलामा भारतमा रहेकाले मतदान गर्न असमर्थ भएको बताइएको छ । स्थानीय तहतर्फ दुधौली नगरपालिका प्रमुख दिनेश अधिकारी, दोलखा बिगु गाउँपालिका अध्यक्ष सञ्जिव वली, शंखरापुर नगरपालिका प्रमुख रमेश नापित, ललितपुर महानगरपालिका उपप्रमुख मुना अधिकारी र सिन्धुपाल्चोक हेलम्बु गाउँपालिका अध्यक्ष अप्सरा लम्साल अनुपस्थित रहेका थिए । यसैबीच, इच्छाकामना गाउँपालिका उपप्रमुख माया सिलवाल काजकिरियामै रहेर पनि मतदानमा सहभागी भएकी थिइन् । उनका श्रीमानको चार दिनअघि निधन भएको थियो ।



राष्ट्रियसभा निर्वाचन अन्तर्गत बागमती प्रदेशमा महिलातर्फ १ र अन्यतर्फ १ गरी दुई पदका लागि मतदान भएको हो । नवनिर्वाचित राष्ट्रियसभा सदस्यहरुले महिलाअधिकार, संविधान संरक्षण तथा आवश्यक कानून निर्माणलाई प्राथमिकता दिने बताएका छन् । राष्ट्रियसभामा निर्वाचित भएपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै नवनिर्वाचित सदस्य गीता देवकोटाले महिला, किसान, लोकतन्त्र र संविधानको संरक्षणका लागि इमान्दारीपूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् । महिला क्लष्टरमा नेपाली काँग्रेस र नेकपा एमालेको गठबन्धनबाट विजयी भएकी उनले यो जित आफू एक्लोको नभई पार्टी देश र जनताको जीत भएको बताइन् ।

देवकोटाले महिला अधिकार र उद्यमशीलताको क्षेत्रमा विशेष ध्यान दिने उल्लेख गर्दै स्थानीय, प्रदेश तथा संघीय तहसम्म महिला अधिकार र संविधानको संरक्षणका विषयमा सक्रियरुपमा काम गर्ने प्रतिवद्धता जनाइन् । अन्य समूहबाट निर्वाचित दंगालले आवश्यक कानुन निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने बताए । उनले राष्ट्रियसभाको भूमिकालाई अझ प्रभावकारी बनाउँदै विकास निर्माण, सुशासन र सामाजिक समृद्धिलाई प्राथमिकता दिएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विशेष गरी प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको मतबाट निर्वाचित हुने भएकाले उनले तल्लो तहका समस्या र अधिकारलाई केन्द्रमा जोड्ने प्रतिबद्धता व्यक्त गरे ।

डा. दंगाल राष्ट्रिय सभाको यो अवसर सहजै नआएको बताउँछन् । यसअघि २०६४ सालको संविधानसभा र दुई वर्षअघिको राष्ट्रियसभा निर्वाचनमा पनि उनको नाम सिफारिस भएको थियो । अन्तिम समयमा अवसर नपाउँदा पनि विचलित नभई पार्टीको निर्णयलाई स्वीकार गरेका आफूलाई यसपटक विज्ञता र निरन्तरताको उच्चमूल्यांकन भएको उनको भनाइ छ ।

'प्रतिनिधिसभा प्रत्यक्ष रुपमा जनताका विकास निर्माणका कामसँग जोडिन्छ तर, राष्ट्रियसभाले गम्भीरताका साथ ऐन कानुन र राष्ट्रिय नीतिहरु बनाउनमा ध्यान दिनुपर्छ,' उनले भने, 'पार्टीभित्र धेरै प्रतिस्पर्धा हुन्छ, औसत मान्छे भएर मात्र पुग्दैन, आफूसँग मुद्दाहरुको विश्लेषण गर्ने क्षमता र विशेष योग्यता हुनुपर्छ ।'

राष्ट्रियसभा सदस्यका लागि पुस २३ गते प्रदेश निर्वाचन कार्यालय हेटौंडामा चार दलका ६ जनाले उम्मेदवारी दर्ता गराएका थिए । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बाट मनोनयन दर्ता भएको हो । बागमती प्रदेशबाट राष्ट्रियसभा सदस्य रहेका तत्कालीन नेकपा (माओवादी केन्द्र) की गंगाकुमारी बेलवासे र तत्कालीन नेकपा (समाजवादी) का बेदुराम भुषालको पदावधि आगामी फागुन महिनामा सकिँदैछ । सोही स्थानमा निर्वाचन भएको हो ।

# कानुनी भूमिका कम हुँदा सहजीकरणमा समस्या



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ जिल्ला समन्वय समिति (जिसस) को कानुनी रुपमा भूमिका कम हुँदा स्थानीय सरकारसँग सहजीकरण तथा समन्वय गर्न समस्या हुने गरेको सरोकारवालाले बताएका छन् ।

हेटौंडामा सम्पन्न जिल्ला समन्वय समिति महासंघको ३१ औं स्थापना दिवसको अवसरमा बागमती प्रदेशद्वारा आयोजित कार्यक्रमका सहभागी जिससका सरोकारवालाले समितिलाई नेपालको संविधान २०७२ ले चिनाएको भएपनि समितिको भूमिका भने कानुनले खुम्च्याएको बताएका छन् । कार्यक्रमकी प्रमुखअतिथि बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठले प्रदेश सरकारले प्रत्येक जिल्लामा रहेका जिसससँग सक्रियता बढाउने प्रतिबद्धता व्यक्त गरिन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले जिल्ला समन्वय समितिलाई आर्थिकरुपमा कम भूमिका दिएको भएपनि जिल्लाभरिको अभिभावकीय भूमिकामा प्रशस्तै अधिकार दिएको बताउँदै मन्त्री श्रेष्ठले प्रदेश सरकारसँग मिलेर अघि बढ्न आग्रह गरिन् । जिसस र उद्योग मन्त्रालयको समन्वयले नै प्रदेशभरि उद्योग वाणिज्य विकास गर्न सम्भव तुल्याउनेमा उनले जोड दिइन् ।

जिल्ला समन्वय समिति महासंघ बागमती प्रदेशका अध्यक्ष ललित घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा महासंघका केन्द्रीय महासचिव अशोककुमार घिमिरे, केन्द्रीय उपमहासचिव दीपक गौतम, जिसस भक्तपुरका अध्यक्ष इश्वर थापा, जिसस धादिङका अध्यक्ष नवराज अधिकारी, जिसस चितवनका अध्यक्ष नारायण अधिकारी, जिसस नुवाकोटका अध्यक्ष रजितबिक्रम शाहीठकुरीलगायत महासंघका केन्द्रीय सदस्यहरु, बागमती प्रदेशका पदाधिकारी एवम् सदस्यहरु र जिल्ला समन्वय समितिका सदस्यहरुको सहभागिता थियो ।

# ७ ग्राम २०० मिलिग्राम खैरोहेरोइनसहित ६ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ मकवानपुर प्रहरीले ७ ग्राम २०० मिलिग्राम लागूऔषध खैरोहेरोइन सहित ६ जनालाई पक्राउ गरेको छ ।

जिल्लाका विभिन्नस्थानमा चेकजाँच गर्ने क्रममा रीतपूर्वक खानतलासी गर्दा उनीहरुको साथबाट प्रतिबन्धित लागूऔषध बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । बरामद लागूऔषधसहित पक्राउ परेकालाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालत, हेटौंडाबाट म्याद अनुमति लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा हेटौंडा उपमहानगर पालिका-२ निवासी २१ वर्षीय विकास परियार रहेका छन् ।

उनको साथबाट ३ ग्राम ७५० मिलिग्राम खैरोहेरोइन फेला परेको छ । यस्तै, हेटौंडा उपमहानगर पालिका-४ निवासी २१ वर्षीय विनोद ढुंगानाको साथबाट ३ ग्राम लागूऔषध बरामद गरिएको छ । त्यसैगरी, हेटौंडा उपमहानगरपालिका-११ निवासी २२ वर्षीय छिरिङ लो र हेटौंडा-१९ निवासी २९ वर्षीय विनोदराज जिम्बाको साथबाट २५० मिलिग्राम खैरोहेरोइन फेला परेको छ ।




हेटौंडा उपमहानगर पालिका-१७ ठूलोगंगटे निवासी २४ वर्षीय सोयल प्रजा र २९ वर्षीय प्रेमबहादुर प्रजाको साथबाट २०० मिलिग्राम लागूऔषध बरामद गरिएको छ । घटनाका सम्बन्धमा लागूऔषध नियन्त्रण ऐनअन्तर्गत थप अनुसन्धान भइरहेको छ ।

# एजेण्डाको हिसाबले कांग्रेस र एमालेसँगै छः सचिव बस्नेत



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/नेकपा एमालेका सचिव महेश बस्नेतले कांग्रेस र एमाले एजेण्डाको हिसाबले सँगै रहेको बताएका छन् ।

आइतबार हेटौंडा-४ स्थित भुटनेदवी माध्यमिक विद्यालय परिसरमा राष्ट्रियसभा सदस्यमा निर्वाचित सदस्यलाई बधाई दिए पश्चात् सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले आउँदो चुनावमा कांग्रेस र एमाले एकअर्काको प्रतिस्पर्धी भएपनि एजेण्डा र मुद्दाको हिसाबले दुबै पार्टीसँगै रहेको जिकिर गरे । लोकतन्त्र र संविधान नै खतरामा परिरहेको अवस्थामा कांग्रेस र एमालेले मित्रवत् प्रतिस्पर्धा गरिरहेको उनको भनाई छ । सचिव बस्नेतले बाह्यशक्तिलाई सहयोग पुग्ने गरी पुराना दलहरु विरुद्ध जनमत सिर्जना गर्ने प्रयास भइरहेको टिप्पणी गरे ।

उनले अहिले नयाँ शक्तिले पुराना दलहरुले जनताको लागि केही गरेनन् भन्ने भ्रम फिजाउँदै गलत भाष्य निर्माण गरेको उल्लेख गरे । विकल्प भनिएका शक्ति पुराना दलबिरुद्ध सामाजिक सञ्जालमार्फत नकारात्मकता फैलाउनमात्र उद्यत भएको उनले आरोप लगाए । सचिव बस्नेतले युवापुस्तालाई दिग्भ्रमित नहुन आग्रह गरे । युवा राष्ट्र निर्माणको बाहक भएकोले गलत भ्रममा लाग्न नहुने उनको भनाई छ । युवाको भावनामाथि खेलेर देश नै जलाउने तत्वविरुद्ध सतर्क हुनुपर्ने सचिव बस्नेतले बताए । युवाले चाहेको विकास र समृद्धि विगतदेखि नै भएको दाबी गर्दै उनले आगामी चुनावपछि विकासले थप गतिलिने बताए । सचिव बस्नेतले एमालेले महाधिवेशन लगायतमा प्रतिनिधि सभा सदस्य चुनावमा युवालाई स्थान दिएको बताए ।

# सहिद स्मारक परिसर सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/सहिद सप्ताहको दोस्रो दिन हेटौंडा-११ स्थित सहिद स्मारक परिसरमा आइतबार बिहान सरसफाई गरिएको छ ।

सहिद स्मारक विकास समितिका सचिव रघुनाथ खुलालले सहिद सप्ताह २०८२ का अवसरमा साताव्यापीरुपमा माघ १६ गतेसम्म विभिन्न कार्यक्रम गरिने जानकारी दिए । सोमबार समितिको वार्षिक साधारणसभा र हेटौंडा उपमहानगर पालिका-४ को व्यवस्थापनमा सहिद स्मारक र विद्यार्थीबीच अन्तरक्रिया कार्यक्रम, माघ १३ गते स्मारक परिसरमा रक्तदान कार्यक्रम, माघ १४ गते हेटौंडा-१२ स्थित प्रथम सहिद लखन थापा बाटिकामा श्रद्धान्जली कार्यक्रम र माघ १५ गते सहिदको सपना र नवयुवाको कर्तव्य विषयक माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगिता गरिने भएको छ ।

यस्तै सहिद सप्ताहको अन्तिम दिन माघ १६ गते प्रभातफेरी, श्रद्धान्जलीसभालगायतका कार्यक्रम गर्ने तय भएको छ ।

यसैबीच माघ १० गते शुक्रराज शास्त्रीले मुलुकमा प्रजातन्त्र स्थापनाका लागि टेकुको पचलीमा आफ्नो जीवन बलिदान दिएका थिए ।

सोही दिनको स्मरण गर्दै शनिबारबाट उनको टेकुस्थित शालिकमा माल्यार्पण र पुष्पगुच्छा अर्पण गर्दै सहिद सप्ताह सुरु गरिएको हो । तत्कालीन राणा शासकले विक्रम संवत १९९७ माघ १० गते शास्त्रीलाई पचलीस्थित रुखमा झुन्डाएर मृत्युदण्ड दिएको थियो ।

यस्तै माघ १३ गते सिफलमा धर्मभक्त माथेमा तथा माघ १५ गते दशरथ चन्द र गंगालाल श्रेष्ठलाई शोभाभगवतीमा गोली हानी मृत्युदण्ड दिइएको थियो । सात दिन शहीद सप्ताह मनाएपछि माघ १६ गते शहीद दिवस मनाउने गरिन्छ ।

# महाशक्ति सोपमा लागेको आगो नियन्त्रण

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौंडा औद्योगिक क्षेत्रस्थित महाशक्ति सोप (साबुन) कम्पनीको गोदाममा शनिबार रातिदेखि लागेको आगो आइतबार बिहान साढे ९ बजे नियन्त्रणमा लिइएको छ ।

जस्तापाताले बनाएको टहरामा राखिएका साबुन, प्लास्टिक र केमिकल जलेर नष्ट भएका छन् । हेटौंडा उपमहानगरपालिका-८ औद्योगिक क्षेत्रको सबैभन्दा पुरानो उद्योग महाशक्ति सोप कम्पनीको गोदाममा शनिबार राति साढे ११ बजेदेखि आगो लागेको थियो । बिजुलीको तार सर्ट भएकाले आगो लागेको अनुमान गरिएको छ ।

हेटौंडाका २ दमकल, मकवानपुरको प्रहरी टोली, सशस्त्र प्रहरी १४ नं.गणका प्रहरी र स्थानीयले रातभर आगो निभाउने काममा खटिएका थिए । साबुन, र्‍यापर, कार्टुन, केमिकलसमेत भएकाले आगो नियन्त्रणमा लिन ढिलाइ भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता पुस्कर बोगटीले बताए ।



साझाकुरा

## हाम्रो कुरा

# अलपत्र बन्दै हेटौंडा बजार

मुलुक निर्वाचनमय बन्दै गएको छ । सबैको ध्यान यतिबेला निर्वाचनमा केन्द्रित छ तर, हेटौंडा बजारका मुख्य सडक दायाँबायाँ रहेका करिव ५ सय घर आधा भत्काएर अलपत्र पारेपछि सडकपेटीबाट पैदलयात्रु हिड्न पाएका छैनन् । साँघुरा सडकमा पैदलयात्रु पनि हिडिरहेका छन्, सवारीसाधनको चाप पनि उत्तिकै छ । मंसिर २० गते शनिबार भत्काइएका संरचना सडकपेटीबाट हटाउने कार्य हाललाई स्थगित भएपछि पैदलयात्रु र सवारीसाधन जोखिममा परेका छन् । पूर्वपश्चिम राजमार्गको हेटौंडा-नारायणगढ सडक खण्डमा एसिएन हाईवेको मापदण्ड अनुसार आगामी आर्थिक वर्षदेखि विस्तार थाल्ने तयारी भइरहेको छ । नारायणगढको पुलचोकदेखि गोन्द्राङसम्म ६ लेन सडक बनेर उद्घाटन भइसकेको छ । अब भरतपुरको गोन्द्राङबाट हेटौंडासम्मको ७० किमि सडक ६ लेनको बन्नेछ । यो सडक खण्ड एसियाली विकास बैंक र वल्र्ड बैंकले विस्तारको योजना बनाइसकेको छ । नारायणगढ-हेटौंडा खण्ड अहिले २ लेनको छ । अब ठाउँ अनुसार ६ लेनसम्मको फराकिलो बनाइनेछ । बस्ती नभएका क्षेत्रमा ४ लेन हुनेछ, सहरीक्षेत्रमा ६ लेनको सडक बन्नेछ । चितवनको रत्ननगरदेखि भण्डारासम्म ६ लेन सडक बन्ने छ । त्यहाँदेखि मकवानपुरको बसामाडीसम्म ४ लेनको मात्र सडक हुनेछ । बसामाडीदेखि हेटौंडासम्म भने ६ लेनकै सडक बनाइनेछ ।

सडकको बीचमा मेडियम बन्ने छ । यस्तो मेडियममा रुखविरुवा रोप्न मिल्ने गरी ग्रिनरी बेल्ट बनाइनेछ । यसले राजमार्गलाई हरियाली बनाउने छ र प्रदुषण कम गर्न सहयोग पुर्‍याउने छ । मेडियम दुबैतर्फ ७-७ मिटरको २-२ लेन मुल सडक बनाइनेछ । राजमार्ग छेउका बस्तीमा दुबैतर्फ ३ दशमलब ५ मिटरको सर्भिस लेन पनि बनाइने छ । यो सडकखण्डमा २ किलोमिटरको भायोडक्ट बन्ने छ । भायोडक्ट भनेको जमिनमाथि ओभरहेड ब्रिज अर्थात् फ्लाइओभर हो । टिकौली जंगल भनेर चिनिने चितवन राष्ट्रिय निकुञ्जको बरभण्डारक्षेत्रमा यस्तो भायोडक्ट बनाइनेछ । वन्यजन्तुको वासस्थान र हिँड्ने बाटोमा असर नपर्ने गरी पुल बनाउन प्रस्ताव गरिएको एडीबी निर्देशनालयले बताएको छ । ११-११ मिटर फराकिलो समानान्तर दुईवटा पुल बन्नेछ । ति पुलमा ४ लेन हुनेछ । पुल बनेपछि तल वन्यजन्तु सहजरुपमा आवातजावात गर्न सक्छ भने माथि गाडी गुड्छन् । यो फ्लाईओभर बनाउन मात्रै करिब ५ अर्ब लाग्ने अनुमान गरिएको छ । यो सडक खण्ड विस्तारमा सबैभन्दा ठूलो चुनौती भने हेटौंडा बजारमा हुने देखिएको छ । राजमार्गको करिब दुई किलोमिटर खण्ड हेटौंडा बजारमा पर्छ । हेटौंडा बजारको सडकसीमाभित्रै २८५ वटा घर तथा अन्य भौतिक संरचना छन् । सडक विभागले पटक-पटक संरचना हटाउन सूचना जारी गरेको छ तर, घरधनीले मानेका छैनन् । २०८० मा सर्वोच्च अदालतले घर भत्काएर सडक विस्तार गर्न मिल्ने फैसला गरि सकेको भएपनि स्थानीयले घर भत्काउन सहमति दिएका छैनन् । यो सडक खण्ड विस्तारका लागि एडीबीले करिब ५० अर्ब रुपैयाँ ऋण दिँदैछ । यो सहुलियत ब्याजदरको ऋण हुनेछ । त्यसैले सडक विभागका अधिकारीहरु हेटौंडा बजारमा के गर्ने ? भन्ने अलमलमा छन् । उनीहरुका अनुसार सडक विस्तारमा अवरोध भए बजारक्षेत्र बाहेकका खण्डमा विस्तार हुने सम्भावना पनि छ ।

बजारक्षेत्र बाहेकको सडकखण्ड विस्तारको लागि विस्तृत योजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ तर, बजार क्षेत्रका घरटहरा हटाउन बाँकी भएका कारण डिपिआर बनाउन बाँकी छ । सडक स्तरोन्नतिका क्रममा कुल ६ सय ८८ वटा निजी संरचना प्रत्यक्ष प्रभावित भएको छ । आयोजनाको प्रभावक्षेत्रभित्र कुल एकसय ८० वटा सामुदायिक संरचना रहेका छन् । ४ लेनको सडक सुदृढीकरणसँगै साइड ड्रेन, सर्भिसलेन, फुटपाथ तथा यातायात सुरक्षाका अन्य संरचना निर्माण गरिनेछ । सडक विभागले तीन वर्षभित्र कार्यसम्पन्न गर्ने लक्ष्य राखेको भएपनि हेटौंडा बजार क्षेत्र खाली नभएका कारण यो परियोजनाको अन्यौलता कायमै छ । अदालतमा दायर भएको रिटको सुनुवाई जारी भएका कारण पनि हेटौंडा बजार क्षेत्रमा डिपिआर तयार गर्ने कार्य अनिश्चित भएको छ । एकातिर फागुन २१ को निर्वाचनको परिणाम कुर्ने सोचमा छन् भने अर्कोतिर सर्बोच्चको फैसला कस्तो आउने हो भनेर प्रतीक्षा गरिरहेका छन् । मुआब्जा नपाएका घरधनीलाई क्षतिपूर्ति दिएर मात्र सडक बिस्तार गर्नुपर्ने माग सम्बोधन गर्नुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १३ गते मंगलबार २७ जनवरी २०२६ । नवमी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५५ सूर्यास्त ५:३९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग गर्ने भावना आउनेछ | तुला | : मित्रसंग विवाद हुनसक्नेछ |
| वृष | : यात्राको लागि सुखद देखिन्छ | वृश्चिक | : धन खर्च हुनेछ |
| मिथुन | : रमाइलोको समय रहेको छ | धनु | : भेटघाटमा समय बित्नेछ |
| कर्कट | : शरीरमा समस्या देखिन सक्नेछ | मकर | : सम्पत्तिको खचपच हुनेछ |
| सिंह | : सामाजिक प्रतिष्ठा बढ्नेछ | कुम्भ | : सुखभोगको समय रहेकोछ |
| कन्या | : सानातिना अवरोध आइरहनेछ | मीन | : आर्थिक लाभ मिल्नेछ |

# दलका घोषणापत्र: राजनीतिक स्थिरता, सुशासन र समृद्धि समेटिएलान् ?



सुदर्शन आचार्य

पूर्वानुमान लगाउन कठिन छैन, दलहरूले प्रारम्भमै जेनजी विद्रोहको जगमा सम्पन्न हुन गइरहेको आसन्न निर्वाचनमा प्राथमिकताका साथ 'युवा'का मुद्दालाई उठाउने छन् । सँगै, भन्नेछन्- राजनीतिक स्थिरता, सुशासन र समृद्धि हाम्रो पार्टीको मूल मुद्दा हुनेछ । राजनीतिक स्थिरताको सन्दर्भमा भन्नेछन्- जेनजी विद्रोहका क्रममा सँगै लोकतन्त्र प्राप्तिको सन्दर्भमा शहादत प्राप्त गर्ने महान् शहीदहरूको जीवन आहुतिलाई भुल्ने छैनौं । शहीदको रगतको बदलामा 'राजनीतिक स्थिरता' दिइनेछ । यसैगरी, दोस्रो विषय हो- सुशासन । सुशासनको माग राख्दै शान्तिपूर्ण सडक आन्दोलनमा सडकमा उत्रिएका ती जेनजी अर्थात् स्कूले बालबालिकाको भावनाको समेत सम्मान गर्दै भ्रष्टाचार नियन्त्रणका सवालमा कुनै कसर बाँकी राखिने छैन । र, तेस्रो सवाल हो- समृद्धि । समृद्धि अर्थात् विकासको मुद्दा २०४८ देखि नै सुनिने तर, नेतृत्वमा देखिएको भिजनको अभावमा नेपाली जनताले प्राप्त गर्नै नसकेको अर्थात् कम प्राप्त गरेको विषय हो-समृद्धि । अब दलका घोषणापत्रमा समेटिने मात्र नभई दलहरूले कार्यान्वयन नै गरेर सम्भावित आगामी जेनजी विद्रोह-२ लाई रोक्नै पर्ने विषय 'राजनीतिक स्थिरता, सुशासन र समृद्धि'का बारे चर्चा गरौं ।

### राजनीतिक स्थिरता

२०४६ सालको परिवर्तन यता नेपालले धेरै सरकार बेहोर्‍यो । संविधानले नै नचिन्ने सुशीला कार्की र खिलराज रेग्मी सहित एक दर्जन प्रधानमन्त्री मुलुकले प्राप्त गर्‍यो । मन्त्रीहरूको यहाँ कुनै लेखाजोखा नै भएन । दोस्रो पटक संविधानसभाको निर्वाचन सम्पन्न गरी २०७२ मा देशले एक थान नयाँ संविधान पनि पायो । राजतन्त्रको पैरवी गर्दै हिंड्ने दल राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापाले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान 'संसारकै उत्कृष्ट' भन्दै परराष्ट्र मन्त्रीको हैसियतले विदेश भ्रमण पनि गरे ।

संविधान जारी भएकै दिन 'कालो संविधान' भन्दै मधेशमा संविधान नै जलाउने हर्कत पनि भयो । २०७२ को संविधान नेपाली जनता माथिको धोका हो भन्दै केही थान आफूलाई 'कट्टर कम्युनिष्ट' बताउने नेताहरूले विरलै नाम सुनिएका सञ्चारमाध्यममा अन्तर्वार्ता छपाए पनि । उता संविधान जारी गर्ने दलका नेता संविधान 'ड्राफ्ट कमिटी'का पदाधिकारी, मूलधारका दलहरू आदिले त संविधान संसारकै सर्वोत्कृष्ट छ भन्ने नै भए । तर, यथार्थमा नेपालको संविधान पूर्ण छैन मात्र होइन, छँदै छैन ।

दलहरूले घोषणापत्र मार्फत संविधान संशोधन गरी निर्वाचन प्रणालीका अन्तरवस्तुमा परिवर्तन नगरी विद्यमान संविधानलाई नै आधार मानेर निर्वाचन सम्पन्न गर्दा एउटै राजनीतिक दलले बहुमत प्राप्त गरेर पाँच वर्ष सरकार सञ्चालन गर्ने सम्भावना न्यून छ । समानुपातिक निर्वाचन प्रणाली कायम राखेर संसद्मा छुटेका वा सम्भावित छुट्न सक्ने समुदायबाट संसद्मा प्रतिनिधित्व जरूरी छ । तर, त्यसरी प्रतिनिधित्व गराउँदा राष्ट्रिय सभामा प्रतिनिधित्व गराउनु उपयुक्त हुन्छ । त्यसैगरी १६५ बाट निर्वाचन क्षेत्र १०० भित्र नै ल्याउनु सान्दर्भिक देखिन्छ । संघीय संसद्को सिट घटाउने मात्र नभई प्रदेश संरचनाको पुनर्विचारसँगै ७५३ स्थानीय तह घटाएर ६०० भित्र ल्याएर स्थानीय तहलाई आर्थिक स्रोत सम्पन्न बनाउँदै जनमुखी शासन प्रणाली विकास गर्न जरूरी देखिन्छ ।

२०४६ सालको परिवर्तन पश्चात् मात्र नभई त्यसअघि राजा महेन्द्रले 'टेक ओभर' गरेर सरकार बनाउँदा समेत कुनै सरकारले पनि पाँच वर्ष काम गर्न पाएन वा सकेनन् ! २०४६ का अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई सरकारले निर्वाचन सम्पन्न गरे पश्चात् कांग्रेसकै गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । तर, २०५१ मै मुलुक मध्यावधिमा गयो । २०५१ को मध्यावधि पश्चात् ९ महिनाका लागि एमाले नेता मनमोहन अधिकारी प्रधानमन्त्री बनेलगत्तै २०५१ देखि २०५६ को अवधिको बीचमा शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा, गिरिजाप्रसाद कोइराला आदि पालैपालो लाज पनि लजाउने गरी प्रधानमन्त्री बने ! नेपालको राजनीतिमा उक्त कालखण्डलाई 'राजनीतिक कुरुपता'को कालखण्डका रूपमा लिइन्छ । सुरा-सुन्दरी, पजेरो काण्डदेखि पुरुष सांसदले सुत्केरी भत्ता लिनसम्म लाज मानेनन् ।

त्यसैगरी २०७० देखि २०७४ को अवधिभित्र ४ जना प्रधानमन्त्री भए ! उता, २०६२/६३ कै जनआन्दोलन पश्चात् पनि पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खानाल र बाबुराम भट्टराई पालैपालो प्रधानमन्त्री बने भने निर्वाचन गराउन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वमा चुनावी सरकार बन्न पुग्यो । यसरी हुने सरकारको अदलीबदली राजनीतिक अस्थिरताको उच्चतम नमूना त हुँदै हो, त्यो बीचमा भए-गरेका अनियमितता बारे चर्चासम्म गरिंदा पनि आङ नै जिरिङ्ग हुन पुग्दछ ।

तसर्थ, आसन्न निर्वाचनमा भाग लिएका राजनीतिक दलहरूले आफ्नो पार्टीले अवलम्बन गरेको 'वाद र विचार'लाई थाती राखेर संविधान संशोधनका मुद्दामा एउटै विन्दुमा उभिएर लोकतान्त्रिक संविधान मार्फत राजनीतिक स्थिरता दिन जरूरी छ । तब मात्र, दलहरूले आफ्नो औचित्य पुष्टि गर्ने सम्भावना रहन्छ ।

### सुशासन

महानिर्वाचनमा होमिएर 'थ्रेस होल्ड' कटाउँदै राष्ट्रिय पार्टी बन्न सक्षमदेखि निर्वाचन आयोगमा निर्वाचन प्रयोजनका लागि केवल दल मात्र दर्ता गरेका सबैको घोषणापत्रमा प्राथमिकताका साथ उठाइने विषय हो- सुशासन । सुशासनको विषयलाई घोषणापत्रमा जसरी दलहरूले उठाउँदै आएका छन्, त्यसको तुलनामा दलहरू पारदर्शी बन्नै सकेनन् ! पम्फादेवी नामको काल्पनिक पात्र खडा गरी पञ्चायतभर राज्यको सम्पत्तिमा दोहन गरेको बताउने राजनीतिक दलभित्रै 'दर्जनौं पम्फादेवी' जन्मिए ! प्रजातन्त्र प्राप्ति यता दलहरूले के मात्र गरेनन् ? यहाँ चर्चित घटनाका बारे तथ्य स्मरण गराऔं ।

२०५० सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालामा धमिजा काण्ड घट्न पुग्यो । कोइरालाले भारतीय मूलका बेलायती व्यापारी धमिजालाई नेपाल वायु सेवा निगमको मुख्य एजेन्ट नियुक्त बापत निगमले करिब ४० करोड नोक्सानी व्यहोर्नु पर्‍यो । २०५२ मा पुग्दा प्रधानमन्त्री शेरबहादुर देउवाले पजेरो काण्ड मच्चाए । ९५ प्रतिशतसम्म भन्सार छुट दिएर उक्त समय करिब ४०० सवारी साधन भित्र्याइएको थियो । अर्को काण्ड थियो मल काण्ड । कृषि मन्त्री पद्मसुन्दर लावती रहेका बेला मल खरिद गर्दा अधिकतम मूल्य वालालाई टेण्डर स्वीकृत गरिदिएर ठूलो स्केल घोटाला गरिएको थियो । २०५४/५५ मा आइपुग्दा संसद्मा एउटा रोचक घटना घट्न पुग्यो ! जुन घटना थियो पुरुष सांसदले सुत्केरी भत्ता लिएको । सुन्दै आश्चर्य लाग्ने उक्त समय सांसदहरूले उपचारबापत ११ करोड भुक्तानी लिएका थिए ।

पहिलो पटक एमाले सरकार निर्माण भएका समय आपूर्ति मन्त्री सीपी मैनालीले केडिया समूहबाट ३० हजार मेट्रिक टन चिनी खरिद गर्दा निकै ठूलो घोटाला गर्न पुगे, उनलाई सार्वजनिक लेखा समितिले बयान लिनासाथ मन्त्रीबाट हटाइएको थियो । सन् १९९७ मा अर्को- चेज एअर काण्ड घट्न पुग्यो । विमान भाडामा लिने भन्दै फर्जी कम्पनीलाई ७ लाख ८३ हजार अमेरिकी डलर भुक्तानी गरियो । तर, विमान नेपालले पाएन । वायुसेवा निगमका तत्कालीन कार्यकारी अध्यक्ष हङकङ राणालाई दोषी त देखाइयो तर ३ लाख अमेरिकी डलर भने नेपालले गुमाउन पुग्यो ।

सांसदहरूको हुर्मत लिने अर्को एउटा काण्ड पनि यो बीचमा घट्न पुग्यो- रातो पासपोर्ट काण्ड । आज आएर अत्यन्त 'स्टन्ट' गर्न माहिर बनेका कांग्रेसका निवर्तमान उपसभापति धनराज गुरुङ समेत उक्त घटनामा संलग्न देखिए । २०६८ मा आइपुग्दा घटेको ठूलो अनियमितताको काण्ड हो सुडान प्रकरण । संयुक्त राष्ट्रसंघको मिशन अन्तर्गत सुडानको डार्फरमा खटिएका नेपाल प्रहरीका लागि आवश्यक एपिसी लगायतका बन्दोबस्तीको सामान खरिदमा अनियमितता भएको तथ्य खुल्यो । सो कालखण्डमा गृहमन्त्री थिए- कांग्रेसका कृष्णप्रसाद सिटौला ।

पछिल्लो समय चर्चामा रहेको अनियमितताको विषय हो- ललिता निवास । उक्त प्रकरणमा एमाले नेता विष्णु पौडेलदेखि सर्वोच्चका न्यायाधीश कुमार रेग्मीसम्म कोही अछुतो रहेनन् । पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपालदेखि बाबुराम भट्टराई समेतको संलग्नता देखियो । यसैगरी अनियमितताका घटनामा मातातीर्थ जग्गा, एनसेल काण्ड, ३३ किलो सुन, कोरोना महामारीका समयमा खरिद गरिएको स्वास्थ्य सामग्री, सेक्युरिटी प्रिन्टिङ प्रेस, वाइड बडी, क्यान्टोनमेन्ट घोटाला, यती/ओम्नी, नक्कली भूटानी शरणार्थी प्रकरण आदि अनियमितताका घटना चर्चामै छन् । त्यसको अलावा पतञ्जलि, टेरामक्स, गिरीबन्धु, भीआईपी औषधोपचार, भिजिट भिसा, छायाँ सेन्टर, पोखरा तथा भैरहवा विमानस्थल लगायत दर्जनौं अनियमितताका घटना यहाँ उल्लेख गर्न सकिन्छ । यी विषयले तत्कालीन सरकारहरूले सुशासन शब्दको खिल्ली नै उडाउन पुगेको निष्कर्ष निकाल्न सकिन्छ । यी र यस्ता यावत् विषय एक्लै पार लगाउने दायित्व केवल 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग'को मात्र हो भन्ने भाष्य निर्माण गरिएको छ । वास्तवमा भ्रष्टाचार नियन्त्रणमा मुख्य भूमिका सरकारको हुने गर्दछ ।

आसन्न निर्वाचनमा दलहरूले 'सुशासन'को विषय घोषणापत्रमा उठाएर मात्र पुग्दैनह कार्यान्वयन गरेरै देखाउन जरूरी छ । युवा उमेर समूहका व्यक्तिमा सरकारले दिएको शासनमा 'सुशासन' देखिएको भए जेनजी विद्रोहको जन्म नहुन सक्दथ्यो । त्यो हेक्का रहन पुग्यो भने मात्र सुशासन मार्फत राजनीतिक स्थिरता खोज्न भोलिका सरकारलाई सजिलो हुनेछ । सन्दर्भ हिजोका मितिमा कहाँ र कसले कुन स्केलमा भ्रष्टाचार गरे भन्ने मात्र होइन, आज मुलुक सम्पत्ति शुद्धीकरणका हिसाबले 'ग्रे लिष्ट'बाट 'ब्ल्याक लिष्ट'मा पर्ने जोखिम बढ्दो छ । इन्टरपोलको 'रेड नोटिस'मा रहेका फरार अभियुक्त जीवी राई सहित ५० जनाको मुद्दा संशोधनको निर्णय गरेर नागरिक सरकारले बदनामीको भारी बोक्न पुगेको छ । जेनजी विद्रोहको जगमा निर्मित सरकारलाई कम्तीमा हिजोका मितिका बदनाम सरकारहरूलाई झैं 'जे पनि गर्ने छुट' नहुनुपर्दथ्यो ।

सम्पत्ति शुद्धीकरण जस्तो गम्भीर वित्तीय अपराधका अभियुक्तलाई दिइने उन्मुक्तिले नेपाल 'ब्ल्याक लिष्ट'मा जाने निश्चित नै देखियो ! वित्तीय कारोबारको निगरानी राख्ने अन्तर्राष्ट्रिय मञ्च 'फाइनान्सियल एक्सन टास्क फोर्स'ले नेपाललाई यसअघि नै सम्पत्ति शुद्धीकरण गर्ने 'ग्रे लिष्ट'मा राखिसकेको छ । उक्त लिष्टबाट बाहिर निस्कन नेपालले दुई वर्षको समय पाएको थियो । त्यो समय सकिएको छ । एकातिर सरकार आफैं ब्ल्याक लिष्टमै जाने काम गर्दैछ भने अर्कोतिर नाम चलेका 'बिचौलिया', सरकार भन्दा पनि बलिया देखिन थालेका छन् । यसले देखाउँछ नेपालको सुशासनको अवस्था ।

### समृद्धि

समृद्धि भन्ने सापेक्षता वा निरपेक्षतामा खोजिने विषय पक्कै पनि होइन । यसका निम्ति सरकारहरूको इच्छाशक्ति चाहिन्छ । आसन्न निर्वाचनबाट आ-आफ्नो दलको सरकार निर्माणका निम्ति चुनावी रणनीति तय हुँदै गर्दा 'भावी प्रधानमन्त्री'का बारे पनि चर्चा प्रारम्भ भइसकेको छ । कांग्रेस केन्द्रीय समितिबाट भावी प्रधानमन्त्री 'गगनकुमार थापा' भनेर निर्णय सार्वजनिक हुँदै गर्दा उता मधेशमा भने 'अबकी बार, गगन सरकार' भन्ने नारा लाग्न थालिसक्यो । उता, भावी प्रधानमन्त्री भनेर राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आफ्ना वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)लाई निर्वाचनमा उतारेको छ । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि आफ्ना पार्टीका तर, आफ्नो समूहमा नभएकाहरूका लागि चुनावमा जानबाटै वञ्चित त्यसै गरेका होइनन् । उनी पनि निर्वाचनबाट जित निकाल्न सके भने आफूलाई प्रधानमन्त्रीकै रूपमा उभ्याउने हुन् ।

यसरी हेर्दा निर्वाचनको मैदानमा तीन जना प्रधानमन्त्रीका सम्भावित दावेदारका रूपमा देखिएका छन् । तर, एमाले अध्यक्ष ओली र रास्वपाका वरिष्ठ नेता बालेन एउटै निर्वाचन क्षेत्रमा प्रत्यासी रहेकैले उनीहरू दुवै जना भावी प्रधानमन्त्रीका रूपमा संसद्मा पुग्न सक्ने छैनन् । भलै प्रधानमन्त्री जो होला, विषय रह्यो समृद्धिको । आजका मितिसम्म नेपाली जनताले सरकार त पाए तर, भिजन सहितको सरकार पाउन नसक्दा समृद्धिको विषयले मूर्तता पाउनै सकेन । हुँदाहुँदा 'नेपाल बन्नै सक्दैन' भन्ने भाष्य निर्माण भएकैले दैनिक हजारौं युवा विदेश पलायन हुन बाध्य छन् । त्यो चक्र रोक्ने, त्यो पनि नेपालमै सम्भावनाको ढोका खोलेर युवालाई जिम्मेवारी सुम्पने दायित्व अब बन्ने भावी सरकारको हो ।

उद्योग, कल-कारखानाका सम्भावना के छन् ? वैदेशिक लगानी कसरी भित्र्याउन सकिन्छ ? उद्योग खोल्न फाइल महिनौं टेबलमा थन्क्याएर होटलमा गरिने बार्गेनिङको अन्त्य कसरी गर्न सकिन्छ ? नेपालमा नेपाललाई नै समृद्ध बनाउन सम्भव हुने उद्योग के के होलान् ? यी र यस्ता विषय भावी सरकारका घोषणापत्रमा परुन् र घोषणापत्रलाई कार्यान्वयन पनि गरुन् भन्ने नै चाहना नेपालीको हो ।

जेनजी विद्रोहमा उठेको आवाज र नेपालीको चाहना अनुसार 'भावी सरकार'ले आफूलाई केन्द्रित गर्न सक्यो भने मात्र राजनीतिक स्थिरता, सुशासन र समृद्धि सम्भव छ । अन्यथा, संसद् विघटन सँगै अल्पायुमै भएको निर्वाचनले निर्माण गरेको संसद्को पनि अन्त्य अल्पायुमै हुने निश्चित छ । त्यतिबेला उत्पन्न निराशाले पक्कै पनि मुलुकलाई निकास दिने छैन ।

*(साभार: अनलाइनखबर)*

# अभिभावक, शिक्षक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्ध

अंगुरकुमार दाहाल

आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना गरेर नियमित शुल्क तिरेपछि आफ्नो दायित्व पूरा भएको ठान्ने अभिभावक, आफूले पढाउँदै वा सिकाउँदै आएका विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि उत्तरदायित्व निर्वाह नगर्ने जागिरे शिक्षक र जसरी पनि कक्षा उत्तीर्ण गर्न सके पुग्यो भन्ने मानसिकता भएका विद्यार्थीका कारण शिक्षक, अभिभावक र विद्यार्थीको सम्बन्ध जति सुमधुर हुनुपर्ने हो त्यति हुन सकेको छैन ।

अहिले बालबालिकाको क्षमता अभिवृद्धि गरी अभिभावकको लगानीलाई सार्थक तुल्याउन शिक्षकहरूको लगनशीलता र दूरदर्शितालाई अभिवृद्धि गरी सार्थक परिणाम निकाल्न विद्यालयहरूलाई हम्मेहम्मे भएको छ । विद्यार्थीले पढाइको महत्व बुझ्न नसकेर कक्षा उक्लिनुलाई नै सफलताको भऱ्याङ ठानेका छन् । परिणामस्वरुप आशातीत प्रगति हुन सकेको छैन ।

यसो हुनुको मुख्य कारण त्रिकोणात्मक सम्बन्धका अभिभावक, शिक्षक र विद्यार्थीले आ-आफ्नो भूमिका निर्वाह नगरेर नै हो । हामीले आफूले पूरा गर्नुपर्ने कर्तव्य जिम्मेवारीपूर्वक निभायौं भने अभिभावकले शिक्षामा गर्नुभएको लगानीबाट अधिकतम प्रतिफल पाउनुहुनेछ । शिक्षकहरूको दक्षता अभिवृद्धि भई गौरव हुनुहुनेछ र विद्यार्थी हामीले चाहेजस्तै सक्षम, चरित्रवान् र दायित्व बहन गर्न सक्ने हुनेछन् । यो लेखमा यस्तै योग्य, भरपर्दा र सिर्जनशील नागरिक उत्पादन गर्नका लागि अभिभावक, शिक्षक र विद्यार्थीले निर्वाह गर्नुपर्ने भूमिकाको चर्चा गरिएको छ ।

आदरणीय अभिभावक !

अहिले तपाईंको काखमा हुर्किँदै गरेका नानीबाबुहरू नै भोलि तपाईं, तपाईंको परिवार, समाज र देशका लागि आशा र भरोसाका केन्द्र हुन् । अझ भनौं, आजका बालबालिका नै भविष्यका कर्णधार हुन् । आज बढ्दै र पढ्दै गरेका हाम्रा छोराछोरीहरू नै भविष्यका वडा अध्यक्ष, मेयर, सरकारी कर्मचारी, शिक्षक, वकिल, पत्रकार, नेता, अभिनेता, डाक्टर, इन्जिनियर, मन्त्री, प्रधानमन्त्री सबै हुन् । भविष्यका यी अनमोल रत्नहरू आज तपाईंको काखमा जगमगाउँदै छन् ।

उनीहरूको पालनपोषण, शिक्षादीक्षा र आनिबानीमा आज हामीले ध्यान दियौं भने उनीहरू पक्कै पनि भोलिका लागि योग्य, दक्ष र सफल नागरिक बन्नेछन् र देशका लागि उल्लेखनीय योगदान दिनेछन् । यो महान् लक्ष्य पूरा गर्नका लागि तपाईं अभिभावकले आजैबाट तयारी गर्नुपर्छ । भनिन्छ, हाम्रो वर्तमान राम्रो छ भने, विगतमा हामीले राम्रो काम गरेका थियौं र भविष्यलाई सुन्दर बनाउनु छ भने, अहिलेबाट नै योजनाबद्ध तरिकाले राम्रो काम गर्नुपर्छ । १० वर्षपछि आफ्नै बगैंचाको फल खाने उद्देश्य राख्नुभएको छ भने, आजै बिरुवा रोप्नुपर्छ । बिरुवालाई आवश्यक मलजल, हावापानी र औषधोपचारको उचित वातावरण मिलाउनुपर्छ । यसो गर्न सकियो भने निश्चित समयमा फल फल्नेछ र त्यसबाट तपाईं वर्षौंसम्म लाभान्वित हुनुहुनेछ ।

बालबालिका पनि हामीले रोपेका बोटबिरुवाजस्तै हुन् । हामी अभिभावकको साथ-सहयोगबाटै उनीहरूले हाम्रा संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज, कर्तव्य-अकर्तव्य सिक्छन् । उनीहरूलाई आज हामी जस्तो संस्कारमा हुर्काउछौं भोलि उनीहरू त्यस्तै हुन्छन् । तसर्थ उनीहरूलाई सकेसम्म तपाईं धेरै समय दिनुहोस् । सँगै खाना खाने, पत्रपत्रिका पढ्ने, समाचार सुन्ने, समय-समयमा घुम्ने र किनमेल गर्ने वातावरण मिलाउनुहोस् । उनीहरूभित्रको अन्तर्निहित विशिष्ट प्रतिभा पहिचान गरी त्यसलाई प्रस्फुटित हुने अवसर दिनुहोस् । आफ्ना नानीबाबुले गर्न सक्ने घरका काम गर्न सिकाउनुहोस् र काम गरेपछि धन्यवाद दिएर भए पनि पुरस्कृत गर्नुहोस् । उनीहरूलाई दया, करुणा, प्रेम, समानता, सद्भाव, सेवा, उपकार, सहानुभूतिलगायतका कुराहरू सिकाउनुहोस् । बालबालिकाहरूसँग शिष्ट भाषा प्रयोग गर्नुहोस् । उनीहरूलाई मितव्ययी बन्न र आवश्यक पर्दा हीरा फोर्न सक्ने पनि हुनुपर्छ भनेर सिकाउनुहोस् ।

नानीबाबुहरूका जायज माग पूरा गरी नाजायज मागलाई भने निरुत्साहित गर्नुहोस् । उनीहरूलाई माया त धेरै गर्नुहोस् तर टाउकोमा भने नटेकाउनुहोस् । उनीहरूका कुरा ध्यानपूर्वक सुन्नुहोस्, आफ्ना बालबालिकाहरू कस्ता मानिसको सङ्गतमा छन्, त्यसबारेमा सचेत हुनुहोस् । सामाजिक सञ्जालको उचित प्रयोग गर्न त दिनुहोस् तर त्यसमा दुर्व्यसनीजस्तो बन्न नदिनुहोस् ।

प्रबुद्ध शिक्षकगण !

आज तपाईंहरू जुन पद र ठाउँमा हुनुहन्छ त्यसभन्दा ठूलो, मर्यादित पद र ठाउँ अर्को हुँदैन । यो गरिमामय पदको प्रतिष्ठा बढाउनका लागि तपाईंको भूमिका वा जिम्मेदारी पनि त्यति नै महत्वपूर्ण छ । अहिले तपाईंले जुन-जुन विद्यार्थीलाई पढाउँदै र सिकाउँदै हुनुहुन्छ उनीहरूले भविष्यमा पाएको सफलता वा विफलतामा तपाईंको काम प्रतिविम्बित हुनेछ । तपाईंसँग सिक्दै गरेका कतिपय विषयवस्तु अभिभावकहरूले आफ्ना बालबालिकालाई सिकाउन नसक्ने परि स्थिति पनि छ । यो परिप्रेक्ष्यमा तपाईं नै ज्ञानको संवाहक, बालबालिकाको पथप्रदर्शक, उत्प्रेरक, सहजकर्तालगायत सबै हुनुहुन्छ । तपाईंसँग सिक्दै गरेका नानीबाबुहरूको पढाइलेखाइ, बानीव्यहोरा, अनुशासन, लगनशीलता, व्यावहारिक कुशलता सिर्जनात्मकतालगायतका सूचकाङ्कका आधारमा विद्यालय अभिभावक, विद्यार्थी, समाजका अरु व्यक्तिहरूले समेत तपाईंको मूल्याङ्कन गरिरहेका हुन्छन् ।

क्रमश: पृष्ठ-३....

# चार्टर फ्लाइटलाई रेस्क्यु बनाएर बीमा ठगी, ३ कम्पनीबाट ३१७ पर्यटकको नक्कली उद्धार

काठमाडौं/चार्टर फ्लाइटलाई रेस्क्यु (उद्धार) देखाएर बीमाको रकम ठगी गर्ने गरेको खुलेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले गरेको अनुसन्धानमा बीमाको रकम हत्याउन चार्टर फ्लाइटलाई रेस्क्यु देखाइएको प्रमाण फेला परेको हो । सीआईबीले लाजिम्पाटस्थित कार्यालयमा आइतबार पत्रकार सम्मेलन गर्दै यसबारे जानकारी गराएको हो । सीआईबीका प्रमुख तथा निर्देशक (अतिरिक्त प्रहरी महानिरीक्षक, एआईजी) डा. मनोज केसीले चार्टर फ्लाइटलाई रेस्क्यु देखाएको भेटिएको बताए ।



'चार्टर फ्लाइटलाई समेत रेस्क्यु देखाएर बीमाको रकम लिएको देखिन्छ । यो रेस्क्यु नभएर फेक रेस्क्यु (नक्कली उद्धार) हो,' एआईजी केसीले भने । यसका साथै नियमित फ्लाइटलाई पनि रेस्क्यु गरेको देखाएर रकम दाबी गर्ने गरेकोसमेत देखिएको छ । त्यसका लागि रेस्क्युको समय तालिका र प्यासेन्जर समेत नक्कली तयार पारिएको भेटिएको एआईजी केसी बताउँछन् । कतिसम्म भने, एउटै चार्टर फ्लाइटमा आएका धेरै जना पर्यटकलाई समेत छुट्टाछुट्टै र फर कफरक समयमा रेस्क्यु गरेको भन्दै (सिंगल फ्लाइट, मल्टिपल बिलिङ) दाबी गर्ने गरेको समेत अनुसन्धानमा देखिएको एक अधिकारी बताउँछन् ।

पदयात्रा सकिएपछि सोही रुट हुँदै फर्कने पर्यटकलाई सहजै कन्भिन्स गरी चार्टर फ्लाइटमा काठमाडौं पुर्‍याउने गरेको भेटिएको छ । पछिल्लो पटक १ पुस २०८१ मा समेत पर्यटकको नक्कली उद्धारको कारबाही गरिपाउँ भन्दै सीआईबीमा उजुरी आएको थियो । यो भन्दा अघि १२ असोज २०८२ मा पनि यस्तै उजुरी आएको थियो । यही पुसमा पनि गृह मन्त्रालयले फेक रेस्क्युको उद्धार गर्न भन्दै सीआईबीलाई पत्राचार गरेको थियो । विदेशी पर्यटकहरूलाई लक्षित गरी केही ट्रेकिङ-ट्राभल्स कम्पनी, हेली रेस्क्यु कम्पनी, अस्पतालहरू र पर्यटक गाइडको अवैध मिलेमतोमा नक्कली उद्धार हुने गरेको सीआईबीको भनाइ छ । सीआईबीले सन् २०२२ देखि यता भएको फेक रेस्क्युमा संलग्नहरूमाथि अहिले अनुसन्धान गरिरहेको छ ।

**६ जना पक्राउ**

पछिल्लो साढे दुई महिनादेखि छुट्टै कार्यदल बनाएर सीआईबीले फेक रेस्क्युबारे अनुसन्धान गरेको थियो । बिदाको दिनसमेत अनुसन्धान गर्दै साढे दुई महिनापछि यसबारे सीआईबीले जानकारी गराएको हो । सीआईबीका अनुसार फेक रेस्क्यु गरेर बीमाको रकम हत्याउने कार्यमा संलग्न भएको आरोपमा अहिले ६ जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा माउन्टेन रेस्क्यु सर्भिस प्रालिका सञ्चालक जयराम रिमाल, म्यानेजर विवेक पाण्डे, नेपाल चार्टर सर्भिसका सञ्चालक रविन्द्र अधिकारी, अपरेसन म्यानेजर विवकेराज थपलिया, एभरेस्ट एक्सपेरियन्स एन्ड असिस्टेन्स प्रालिका सञ्चालक मुक्ति पाण्डे र म्यानेजर सुभाष केसी छन् ।

**३ कम्पनीबाट ३१७ पर्यटकको नक्कली उद्धार**

पक्राउ परेका ६ जना तीन कम्पनीमा आबद्ध व्यक्तिहरू हुन् । यी तीन कम्पनीबाट मात्रै ३१७ जनाको नक्कली उद्धार गरेको भेटिएको छ । माउन्टेन रेस्क्यु कम्पनीले सन् २०२२ देखि यता २०२५ सम्म १ हजार २४८ पर्यटकको उद्धार गरेको थियो । ती उद्धारमध्ये १७१ पर्यटकको उद्धार नक्कली देखिएको सीआईबीका अनुसन्धान अधिकृत बताउँछन् । 'यो प्रारम्भिक अनुसन्धानको विवरण हो । थप बढ्न सक्ने सम्भावना पनि छ,' ती अधिकृत भन्छन् । १७१ जनाको नक्कली उद्धार गरेर बीमा वापतको १ करोड ३ लाख १० हजार २७६ अमेरिकी डलर यो कम्पनीले लगेको देखिएको छ ।

त्यसैगरी नेपाल चार्टरले ४१७ जनाको उद्धार गरेको छ । जसमध्ये ७५ जनाको उद्धार भने नक्कली देखिएको छ । त्यसवापत बीमाको ८२ लाख ३४ हजार ८२ अमेरिकी डलर बुझेको देखिएको छ । एभरेस्टले भने ६०१ जनाको उद्धार गरेको थियो । जसमध्ये ७१ जना पर्यटकको नक्कली उद्धार गरेको र त्यसवापत ११ लाख ५३ हजार ९१९ डलर बुझेको सीआईबीको भनाइ छ । अहिलेसम्मको अनुसन्धानबाट यी तीन कम्पनीले नक्कली उद्धारमार्फत बीमा वापतको १९.६९ मिलियन डलर बुझेको सीआईबीको दाबी छ ।

**बीमा कम्पनीले रोके प्रिमियम**

नक्कली उद्धार बढेपछि पर्यटकको बीमा गर्ने कम्पनीहरूले प्रिमियमसमेत रोक्न थालेको सीआईबीका अधिकारीहरूको भनाइ छ । अहिले पनि नक्कली उद्धार भएको भन्दै बीमा कम्पनीहरूले सीआईबीमा जानकारी गराएका छन् । जसमध्ये अहिले तीन वटा कम्पनीले बीमाको प्रिमियम नै रोकेको सीआईबीका एक अनुसन्धान अधिकृत बताउँछन् । 'नक्कली उद्धार बढेपछि बीमा कम्पनी घाटामा हुने भए । जसका कारण अहिले तीन कम्पनीले त बीमाको प्रिमियम नै रोकेका छन्,' ती अधिकृत भन्छन् । धेरै रेस्क्यु गरेको भन्दै बीमा कम्पनीमा रकम दाबी गरेको भेटिएको छ । तीमध्ये केही बीमा दाबी भने बीमा कम्पनीले फिर्ता गरेकोसमेत भेटिएको छ ।

**के हुन्छ सजाय ?**

सीआईबीले पहिलो चरणा नक्कली उद्धारमा प्रत्यक्ष संलग्न भएको आरोपमा ६ जनालाई पक्राउ गरेर अनुसन्धान गरेको छ । उनीहरूमाथि संगठित अपराधदेखि किर्ते, राज्यविरुद्धको कसुरलगायतमा अनुसन्धान अघि बढाइएको सीआईबीको भनाइ छ । उनीहरूविरुद्ध मुलुकी अपराध संहिताको दफा ५१ को राज्य विरुद्धको कसुरमा अनुसन्धान अघि बढाइएको छ । जहाँ कसैले पनि राष्ट्र हित प्रतिकूल हुने कुनै काम गर्न नहुने उल्लेख छ । त्यसैगरी दफा २४९ अनुसारको ठगीमा पनि अनुसन्धान हुने सीआईबीको भनाइ छ ।

यसका साथै दफा २५३ को आपराधिक लाभ लिन नहुने कसुर, दफा २७६ को लिखतसम्बन्धी कसुरमा अनुसन्धान हुनेछ । लिखत किर्तेमा रिपोर्ट र हेलिकप्टरको बिल बनाउने, ठगीमा बीमा कम्पनीलाई नक्कली बिल पेस गर्ने, राज्यविरुद्धको कसुरमा भने पर्यटकलाई लेक लाग्ने डर देखाई नक्कली उद्धार गरी बीमा दाबी गर्दै अन्तर्राष्ट्रिय छबी नै धुमल्याएको बताइएको छ । संगठित कसुर पनि आकर्षित हुने भन्दै यसलाई ट्रेकिङ ऐजेन्सी, अस्पताल, हेलिकप्टर कम्पनीहरूको मिलेमतोको रूपमा लिइएको छ । पक्राउ परेकाहरू विरुद्ध सम्पत्ति शुद्धीकरणको कसुर पनि आकर्षित हुन्छ ।

**कसरी हुन्छ फेक रेस्क्यु ?**

नेपालका आउने पर्यटकहरूले इन्सुरेन्स (बीमा) गर्ने गर्छन् । उच्च हिमाली क्षेत्रमा जाने भएपछि उनीहरूले बीमा गर्छन् । यसरी हिमाली क्षेत्रमा जाने पर्यटकको बीमा पोलिसीबारे सुरुमा ट्राभल एजेन्सीहरूले जानकारी लिने काम गर्छन् । यसको बीमा पोलिसी यकिन भएपछि बल्ल नक्कली उद्धारको प्लट रच्न सुरु हुने बताइन्छ । उच्च हिमाली क्षेत्रमा पुगेपछि देखिने सामान्य लक्षणलाई समेत पर्यटन गाइडले बढाइचढाइ गरी पर्यटकलाई अत्याउने काम गर्ने र त्यसपछि हेलिकप्टर माग गर्न लगाई नक्कली उद्धार गर्ने गरेको पाइएको सीआईबीले बताएको छ ।

सामान्य उचाइबाट केही तल झर्ना साथै आफैं ठिक हुने अवस्थालाई हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि अस्पताल पठाउने प्रवृत्ति देखिएको छ । त्यसका लागि पनि आफू अनकूलको निश्चित अस्पताल पठाउने गरिएको सीआईबीका एआईजी केसी बताउँछन् । त्यसपछि रेस्क्यु कम्पनी र अस्पतालले फरकफरक वा एकमुस्ट रकम इन्स्योरेन्स कम्पनीसँग माग गर्ने गरेको पाइएको छ ।

**पुराना फेक रेस्क्युको प्रमाण भेटन मुस्किल**

सीआईबीले अहिले सन् २०२२ देखि यता भएका फेक रेस्क्युको अनुसन्धान गरेर ६ जनालाई पक्राउ गरेको हो । तर यसभन्दा अघि पनि फेक रेस्क्यु हुने गरेको भन्दै सीआईबीमा उजुरी परेको थियो । सन् २०१८ तिरै उजुरी परे पनि त्यतिबेलाका फेक रेस्क्युको प्रमाण भने भेट्न गाह्रो रहेको सीआईबीले बताएको छ । २०७४ को भदौमा ट्राभलर असिस्टले करिब ३५ प्रतिशत नक्कली उद्धार रहेको बताएको थियो । २०७४ को फागुनमै पदयात्रीको खानामा मिसावट गरी कृत्रिम बिरामी बनाउने र हेलिकप्टरमार्फत रेस्क्यु लिई कमिसन खाने गरेको विषय बाहिर आएको थियो ।

त्यसपछि २०७५ असारमा पर्यटन मन्त्रालयको नेतृत्वमा गठित छानबिन समितिको प्रतिवेदनमा फेक रेस्क्युबारे थप अनुसन्धानका लागि प्रहरीलाई पत्राचार गर्ने भनिएको थियो । फेक रेस्क्यु देखिएको भन्दै 'पर्यटक खोज, उद्धार, उपचार तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७५' समेत लागुरु भएको थियो । तर त्यतिबेलाका यी घटनाहरूको प्रमाण अहिले नहुँदा अनुसन्धानमा समस्या भएको प्रहरीको भनाइ छ । यस्तो फेक रेस्क्युले नेपालको अन्तर्राष्ट्रिय स्तरमा छवी, प्रतिष्ठा र स्वाभिमानमा समेत असर पर्ने बताइएको छ । पर्यटकका लागि 'नो गो डेस्टिनेसन' बन्न सक्ने जोखिम देखिएको सीआईबीले औंल्याएको छ । फेक रेस्क्युले वास्तविक उद्धारको पखाइमा बसेका पर्यटकको ज्यानसमेत जान सक्ने देखिएको सीआईबीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

## प्रदेशस्तरीय यु-१४ अन्तर विद्यालयस्तरीय फुटबल प्रतियोगिता

# हेटौंडाको गुरुशिष्य पाठशाला सेमीफाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ नुवाकोटमा जारी बागमती प्रदेशस्तरीय यु-१४ अन्तर विद्यालयस्तरीय फुटबल प्रतियोगितामा हेटौंडाको-१९, स्थित बस्तीपुरको गुरुशिष्य पाठशाला स्कूल सेमीफाइनलमा प्रवेश गरेको छ ।

शनिबार नुवाकोटको विदुर नगरपालिकाको बटारमा भएको क्वाटर्फाइनको खेलमा चितवनको नमुना माध्यमिक विद्यालयलाई २-१ गोलले पराजित गरेको थियो । गुरुशिष्यको जितमा रोहित कुमालले २ गोल गर्दै खेलको म्यान अफ द म्याच घोषित भएका छन् ।

गुरुशिष्य पाठशाला स्कूलले विद्यालयस्तरीय फूटबल प्रतियोगिताको उपाधि जितेर प्रदेशस्तरीय फुटबल प्रतियोगिताका लागि छनोट भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिनेश चौलागाईंले बताएका छन् ।

बगमती प्रदेश फुटबल संघको आयोजनामा भएको फुटबल प्रतियोगितामा ८ वटा जिल्लाका विद्यालयको सहभागिता रहेको छ । गत वर्षको असोज महिनामा भारी वर्षाको कारणले गएको बाढी पहिरोमा ज्यान गुमाएका एन्फाका ६ जना खेलाडीको सम्झनामा प्रतियोगिताको आयोजना गरेको बताइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै,विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । गुरुशिष्य पाठशालाले अब भोलि सोमबार सेमीफाइनल चरणको खेलमा सिन्धुलीको सिद्धार्थथली इङ्गलिस बोर्डिङ्ग स्कूलसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगिताको फाइनल खेल माघ १४ गते हुनेछ ।

# 'रमिताको पिरती'को ट्रेलरमा ब्रेकअपको कथा



काठमाडौं/अभिनेत्री आना शर्मा कार्यकारी निर्माताको रूपमा रहेको फिल्म 'रमिताको पिरती'को ट्रेलर सार्वजनिक गरिएको छ ।

आइतबार निर्माण पक्षले काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै दर्शकमाझ ल्याएको तीन मिनेट लामो ट्रेलरले प्रेम र ब्रेकअपको कथा पेश गरेको छ । ट्रेलरको केन्द्रमा आना छिन्, जसको प्रेम जीवन उतारचढावपूर्ण देखिन्छ ।

पछिल्लो समय नेपाली युवा पुस्तामा बढ्दो प्रेम, ब्रेकअप, धोका, आकर्षण, यौनिक गतिविधि सहितका भावनात्मक उतारचढावलाई फिल्मले कथानकको मूल विषय बनाएको ट्रेलरबाट प्रस्ट हुन्छ । ट्रेलरमा आनासहित विनय श्रेष्ठ, धीरज मगर, समीर श्रेष्ठ, गौमाया गुरुङ, रेनु योगी लगायतका कलाकारहरूको पनि उपस्थिति देख्न सकिन्छ ।

ट्रेलर सार्वजनिक कार्यक्रममा फिल्मकी निर्देशक सुदिप्ताले 'रमिताको पिरती' ब्रेकअपको कथामा बनेको बताइन् । उनले भनिन्, 'यो लभस्टोरीभन्दा पनि ब्रेकअप स्टोरी हो । नेपालमा केटाको तर्फबाट थुप्रै लभस्टोरी फिल्म बनेका छन् । मैले चाहिँ महिलाको तर्फबाट लभ र ब्रेकअपको कथा भनेको छु । ब्रेकअपपछि एउटी केटीले के-के भोग्छ भन्ने कुरा फिल्ममा देखाएको छु ।'

माघ २३ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्मका निर्माता सागर लम्साल हुन् । कार्यकारी निर्मातामा आना र सन्तोष लम्साल रहेका छन् । फिल्ममा शिशिर विशंखेको डीओपी, सुनिल शिवभक्तिको सम्पादन, सुशान्त केसी, समीर श्रेष्ठ, महेश काफ्ले, अस्मिता अधिकारी र कुशल पोखरेलको संगीत, कपिल पराजुलीको कलर तथा कृतिका बरालको कोरियोग्राफी छ ।

# अभिभावक, शिक्षक र विद्यार्थीको...

तपाईंले हरेक दिन विद्यार्थीको मूल्याङ्कन गरेजस्तै तपाईंको पनि मूल्याङ्कन भइरहेको हुन्छ, भलै विद्यार्थीले जस्तो लब्धाङ्कपत्र भने तपाईं पाउनुहुन्न । तपाईं आफ्ना छोरीहरूलाई शिक्षकहरूले के-के सिकाइदिऊन् र कस्तो व्यवहार गरिदिऊन् भनेर अपेक्षा राख्नुहुन्छ ? प्राय: त्यस्तै अपेक्षा आम अभिभावकको पनि हुन्छ । यसबारेमा सोच्नु भएको छ ?

रमाइलो वातावरण सिर्जना गरी विद्यार्थीलाई ज्ञान प्रदान गर्नु, शिक्षणविधिमा विविधता अपनाउनु, अध्ययनका लागि विद्यार्थीलाई प्रोत्साहित गर्नु, विद्यार्थीको अन्तर्निहित विशिष्ट प्रतिभा पहिचान गरी अभिभावकसँग अन्तरक्रिया गर्नु, पढाइको महत्व बुझाउनु, अनुशासित, स्वावलम्बी र आत्मनिर्भर बनाउँदै उनीहरूसँग समसामयिक गतिविधिबारे छलफल गर्नु तपाईंले निर्वाह गर्ने शिक्षकीय दायित्व हुन् । तपाईंले नै उनीहरूलाई नेतृत्व क्षमताको विकास गर्न, सकारात्मक सोच राख्न, जिम्मेवारी बहन गर्न, समस्या समाधान गर्ने उपाय खोज्न, सहकार्यको महत्व बुझाउन, प्रतिस्पर्धी बन्न र आधुनिक प्रविधिको प्रयोग गर्न सहजीकरण गर्नुपर्छ । विद्यालयमा आयोजना गरिने विविध कार्यक्रममा उसलाई नेतृत्व गर्ने अवसर दिई प्रोत्साहित गर्नुहोस् । ऊभित्रको प्रतिभा र क्षमतालाई विकसित हुन प्रेरणा दिँदै उसको स्वास्थ्यस्थिति र पारिवारिक पृष्ठभूमिबारे जानकार रहनुहोस् ।

विद्यार्थी भाइबहिनीहरू !

अहिले तपाईंहरूले जे काम गर्दै हुनुहुन्छ वा सिक्दै हुनुहुन्छ, त्यो तपाईंको सुन्दर भविष्य निर्माणको तयारी हो । तपाईं आज जति परि श्रमपूर्वक पढ्नुहुन्छ, भोलि त्यति नै प्रतिफल पाउनुहुन्छ । यो समय तपाईंहरूको लागि अत्यन्त मूल्यवान् भएकाले यसलाई सुझबुझका साथ उपयोग गर्नुपर्छ । के तपाईंहरू यसका लागि तयार हुनुहुन्छ ?

नानीबाबुहरू ! तपाईंले जीवनको जुन महान् लक्ष्य वा उद्देश्य बनाउनुभएको छ नि ! त्यो पूरा गर्नका लागि काम शुरु गर्ने समय अहिले नै हो । अब म तपाईंहरूले गर्नुपर्ने कामहरू भन्छु है त । नेपाली संस्कृतिले भन्छ- 'मातृ देवो भव, पितृ देवो भव, आचार्य देवो भव ।' अर्थात् माता, पिता र गुरु देवतासमान हुन् । यिनीहरू सधैंभरि आफ्ना सन्तान र शिष्यको उन्नतिका लागि प्रयत्नशील हुन्छन् । तसर्थ उनीहरूलाई यथोचित सम्मान गर्नु, उनीहरूले भनेको मान्नु, सिकाएका कुरालाई तीव्र उत्साहका साथ सिक्नु, अनुशासित र विनयी हुनु तपाईंहरूको पहिलो कर्तव्य हो ।

शिक्षक र अभिभावकले भनेको कुरा नबुझे प्रश्न गर्नु, समय तालिका मिलाएर आफूले गर्नुपर्ने काम ठीक-ठीक समयमा गर्ने बानी बसाल्नु, आफ्ना कमी-कमजोरीलाई हटाउनु, विद्यालयद्वारा सञ्चालित अतिरिक्त क्रियाकलापमा भाग लिएर उत्कृष्ट हुने प्रयास गर्नु, आफूभन्दा ठूला कक्षाका दाइ-दिदीहरूलाई सम्मान र सानो कक्षाका भाइ-बहिनीहरूलाई माया गर्नु, कक्षामा साथीहरूसँग मिलेर बस्नु, एक-अर्कासँग सिक्नु/सिकाउनु, समस्या समाधान गर्न प्रयत्नशील हुनु, आधुनिक र नवीनतम प्रविधिको उपयोग गर्नु, जानेर वा नजानेर गल्ती गरियो भने त्यसलाई स्वीकार गर्नु, आफ्नो स्वास्थ्यको ख्याल राख्नु, व्यक्तिगत र कक्षाकोठाको सर सफाइमा सजग रहनु र आफ्नो उद्देश्य प्राप्तिका लागि अविचलित भएर आफ्नो पढाइलाई निरन्तरता दिनु तपाईंहरूले अहिलेदेखि नै गर्नुपर्ने काम हुन् ।

पढ्नु भनेको एउटा कक्षा सकेर अर्को माथिल्लो कक्षामा जानु मात्र होइन, बरु कुनै पनि विषय वस्तुलाई गहिरिएर हेर्नु, बुझ्नु, विश्लेषण गर्नु, त्यसप्रतिको सही धारणा बनाउनु र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनु हो । तपाईंले पाउनुभएको लब्धाङ्कपत्रको अङ्कले तपाईंको सम्पूर्ण क्षमताको प्रस्तुति गर्दैन, त्यो त तपाईंको कार्यकुशलताले मात्र देखाउँछ । भाइबहिनीहरू ! जीवनमा त्यस्ता मानिसमात्र सफलताको शिखर चुम्न सक्छन्, जोसँग असाधारण क्षमता, बेजोड चिन्तन शक्ति र कुनै पनि कामलाई सफलतामा टुङ्ग्याउने दृढ इच्छाशक्ति हुन्छ । सफल हुनको लागि हामीमा धैर्य र लगनशीलता पनि चाहिन्छ । यी र यस्तै गुणहरू विकसित गर्ने तपाईंहरूको समय अहिले नै हो । आजैबाट हामी सबै यो महान् उद्देश्य प्राप्त गर्ने यात्राको प्रारम्भ गरौं ल !

अन्त्यमा, विद्यार्थी सक्षम भए विद्यालयको प्रतिष्ठा बढ्छ । शिक्षक र अभिभावकको सफल नेतृत्व र मार्गनिर्देशनबाट विद्यार्थी योग्य हुन्छन् । विद्यार्थी योग्य भए राष्ट्र बलियो हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# निखिल उप्रेतीसँग 'पारस' गर्दै जसिता

काठमाडौं/अभिनेत्री जसिता गुरुङका लागि यस वर्ष स्मरणीय बनेको छ । कारण, गत असोजमा प्रदर्शन भएको उनी अभिनीत फिल्म 'जेरी अन टप'ले ठूलो व्यावसायिक सफलता हासिल गर्‍यो । र, उनको अभिनयको पनि निकै प्रशंसा भयो । यो फिल्मको सफलतापछि उनलाई फिल्म अफरको ओइरो लागेको छ । यस्तैमा उनी नयाँ फिल्म 'पारस'मा अनुबन्धित भएकी छन् ।

शनिबार फिल्मकी निर्देशक कृषा चौलागाईंले जसितासँग लिखित सम्झौता गरेकी हुन् । यसअघि फिल्ममा अभिनेता निखिल उप्रेती अनुबन्ध भइसकेका छन् । तर, उनको जोडीको रुपमा जसिता देखिने छैनन् । फिल्ममा अर्का एक अभिनेतामा पनि हुनेछ, जोसँग जसिताको जोडी बाँधिने जनाइएको छ । ती अभिनेता सुशील श्रेष्ठ रहेको फिल्मवृतमा चर्चा छ ।




केपी फिल्म्सको ब्यानरमा निर्माण हुने यस फिल्मको पटकथा र संवाद भारतीय पटकथाकार सचिन लादियाले लेखेका छन् । उनी बलिउडको चर्चित फिल्म 'ग्याङ्गस अफ वासेपुर'का दुवै श्रृंखलाका लेखक हुन् । आगामी फागुनबाट छायांकन सुरु हुने फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गर्नेछन् । ठूलो स्केलमा निर्माण गर्न लागिएको यो फिल्म एक्सनप्रधान हुने जनाइएको छ ।

# दिनेश राउतको लिगेसीलाई 'कुमारी'ले अगाडि बढाउँछ : आर्यन सिग्देल

काठमाडौं/नेपाली फिल्म क्षेत्रमा कलाकार र निर्देशकको मित्रताको उदाहरण दिँदा आर्यन सिग्देल र दिनेश राउतको नाम छुट्दैन ।

उनीहरू संघर्षकाल देखिका साथी हुन् । र, दुवैले एकअर्कासँगै सबैभन्दा धेरै काम गरेका छन् । दिनेशले निर्देशन गरेका ९ वटा फिल्ममध्ये ५ वटामा आर्यन मुख्य भूमिकामा छन् । पछिल्लो पटक फिल्म 'महाभोज'मा उनीहरूको सहकार्य भएको थियो ।

यतिबेला दिनेशको नयाँ फिल्म 'कुमारी' प्रदर्शनको संघारमा छ । यसमा आर्यन छैनन् । मुख्य भूमिकामा नयाँ अनुहारलाई लिइएको छ । तर, फिल्ममा आफू नभए पनि आर्यनले प्रचारमा साथ दिइरहेका छन् । शनिबार काठमाडौंको भृकुटीमण्डपमा आयोजित फिल्मको ट्रेलर सार्वजनिकसहितको सांगीतिक कार्यक्रममा उनी श्रीमतीको साथमा पुगेका थिए ।

करिब ५ हजार दर्शकको उपस्थिति रहेको कार्यक्रममा ट्रेलर हेरेपछि उनले त्यसको प्रस्तुतिको खुलेर प्रशंसा गरे । उनले ट्रेलर हेर्दा बारम्बार आफूलाई सम्झिएको बताए । उनले भने, '१५ वर्षभन्दा अगाडि हुन्थ्यो भने यो फिल्ममा म नै हुन्थें होला (लामो हाँसो) । ट्रेलर हेर्दा मैले त्यहाँ आफूलाई सम्झिएँ । ट्रेलर एकदमै राम्रो बनेको छ ।'

उनले निर्देशक राउतको लिगेसीलाई 'कुमारी'ले अगाडि बढाउने पनि विश्वास व्यक्त गरे । उनले भने, 'लभस्टोरीमा दिनेशको एउटा लिगेसी छ । 'आइएम सरी', 'नोभेम्बर रेन' र 'क्लासिक'सँगै 'पूजार सार्की'लाई पनि म लभस्टोरी फिल्म नै मान्छु । दिनेशको त्यो लिगेसीलाई 'कुमारी'ले अझ अगाडि बढाउँछ । किनकि, मैले फिल्मको स्क्रिप्ट पढेको छु । सुटिङ र सम्पादनमा पनि बसेको छु ।'

आर्यनले फिल्मका कलाकारहरू अबिषेक खड्का र आकृति राजभण्डारीलाई पनि हौसला प्रदान गर्दै भने, 'लभस्टोरी फिल्मको लिगेसीलाई अबिषेकले पनि अगाडि बढाउँछ । आकृतिको त के कुरा गर्ने । उनको हाँसो नै काफी छ । अहिले धेरैको लभस्टोरी नै उनी हुन् ।'

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरमा ८ उम्मेदवारले आफैंलाई मतदान गर्न नपाउने

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मकवानपुरका दुई क्षेत्रमा ४४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तर, आठजना उम्मेदवारले भने आफैंलाई मतदान गर्न नपाउने भएका छन् ।

निर्वाचन आयोगले आसन्न निर्वाचनमा अन्तरजिल्ला मतदानको व्यवस्था गरेको छैन । जसले गर्दा एउटा निर्वाचन क्षेत्रमा मतदाता नामावली रहेका उम्मेदवारले अर्को क्षेत्रमा उम्मेदवारी दिँदा मतदान गर्न नपाउने भएका हुन् ।

मकवानपुरमा मतदान गर्न नपाउनेमा सानादेखि ठूला दलका उम्मेदवार छन् । नेपाली कांग्रेसबाट मकवानपुर-१ को उम्मेदवार बनेकी महालक्ष्मी उपाध्याय 'डीना' मकवानपुर-२ की मतदाता हुन् । मकवानपुरको भीमफेदी गाउँपालिका-७, शान्तिपथ स्थायी ठेगाना भएकी उपाध्यायले आफूलाई मतदान गर्न पाउँदिनन् ।

अघिल्लो पटक २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि उनी यसै क्षेत्रबाट उम्मेदवार बनेकी थिइन् । यसअघि चारपटक प्रत्यक्षतर्फ उम्मेदवार बनेकी उपाध्याय पराजित भएकी थिइन् भने दुईपटक समानुपातिकतर्फबाट सांसद बनेकी थिइन् । उनी नेपाली कांग्रेसको निवर्तमान सहमहामन्त्री हुन् । त्यस्तै, नेकपा (एमाले) का उम्मेदवार



रामेश्वर रानाले पनि आफैंलाई मतदान गर्न पाउँदैनन् । मकवानपुर-१ बाट उम्मेदवार बनेका रानाको स्थायी ठेगाना हेटौंडा उपमहानगरपालिका-११ हो । यो वडा मकवानपुर-२ मा पर्छ । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दर्ता गर्नुअघि रानाको टिकट खोसिएको थियो । एमालेले राप्रपा नेपालसँग तालमेल गरेपछि कमल थापाले एमालेकै चुनाव चिन्हमा उम्मेदवारी दिएका थिए ।

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का उम्मेदवार तेजप्रसाद उप्रेती (रमेश) ले पनि आफैंलाई मतदान गर्न नपाउने भएका छन् । हेटौंडा उपमहानगरपालिका-१९ स्थायी ठेगाना भएका उप्रेती मकवानपुर-२ का मतदाता हुन् । उनी मकवानपुर-१ बाट उम्मेदवार बनेका छन् । यसैगरी, हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीबाट मकवानपुर-१ मा उम्मेदवार बनेकी विद्या श्रेष्ठले पनि आफैंलाई मतदान गर्न नपाउने भएकी छन् । काठमाडौं महानगरपालिका-२१ माकगल्लीकी श्रेष्ठ काठमाडौं क्षेत्र नं. ९ की मतदाता हुन् ।

श्रम संस्कृति पार्टीबाटै मकवानपुर-२ को उम्मेदवार बनेका युनेश लामा स्याङ्तानले पनि आफैंलाई मतदान गर्न पाउँदैनन् । हेटौंडा-१२ ठेगाना भएका स्याङ्तान मकवानपुर-१ का मतदाता हुन् । नेपाल मजदूर किसान पार्टी (नेमकिपा) बाट मकवानपुर-१ मा उम्मेदवारी दिएकी रञ्जना सुवालले पनि आफैंलाई मतदान गर्न नपाउने भएकी छन् । भक्तपुर-१० की सुवाल भक्तपुर-१ की मतदाता हुन् । नेमकिपाबाटै मकवानपुर-२ का उम्मेदवार बनेका सरोज तामाङले पनि आफैंलाई मतदान गर्न पाउँदैनन् । भक्तपुरको चाँगुनारायण नगरपालिका-६ का तामाङ पनि भक्तपुर-१ कै मतदाता हुन् ।

यस्तै, मकवानपुर-२ मा उम्मेदवारी दर्ता गराएका जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार छविलाल वाइबाले पनि आफैंलाई मतदाना गर्न नपाउने भएका छन् । हेटौंडा-१२ का बासिन्दा वाइबा मकवानपुर-१ का मतदाता हुन् । बागमती प्रदेश निर्वाचन कार्यालय, हेटौंडाका प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालका अनुसार उम्मेदवारी दर्ता गर्ने उम्मेदवारको ठेगाना मतदाता नामावलीमा दर्ता भएको ठेगानालाई नै उल्लेख गरिएको छ । उनका अनुसार नामावलीमा दर्ता भएको ठेगाना अनुसार नै मतदान गर्न पाउने व्यवस्था निर्वाचन आयोगले गरेको छ ।

प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ को दफा ३८ को उपदफा १ मा कुनै गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावली नाम दर्ता भएका मतदाताले सोही गाउँपालिका वा नगरपालिकाको सोही वडाको निजलाई तोकिएको मतदान केन्द्रमा मतदान गर्नुपर्ने उल्लेख गरिएको छ । दुईवटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा क्षेत्र नम्बर १ मा बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिकाको वडा नं. १, २, ३ र ४ तथा हेटौंडा उपमहानगर पालिकाको वडा नं. २, ४ देखि १० र १२ देखि १९ नम्बर वडा पर्छन् ।

मकवानपुर-२ मा राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिका, मनहरी गाउँपालिका, भीमफेदी गाउँपालिका, मकवानपुरगढी गाउँपालिकाको वडा नं. ५, ६, ७ र ८ तथा हेटौंडा उपमहानगरपालिकाको वडा नं. १, ३, ११ र १९ पर्छन् ।

किसान आन्दोलनदेखि अन्तर्राष्ट्रिय मञ्चसम्म सक्रिय अनुभवी नेता

# को हुन् प्रेमप्रसाद दंगाल ?



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ राष्ट्रियसभा सदस्यमा निर्वाचित गोकर्णेश्वर-५ निवासी हुन् प्रेमप्रसाद दंगाल । नेपालका अनुभवी प्रशासक, किसान नेता तथा अन्तर्राष्ट्रियस्तरमा परिचित सामाजिक अभियन्ता हुन् ।

विद्यावारिधि (पीएचडी) अध्ययन पूरा गरेका दंगालले नेपाल सरकारको शाखाअधिकृतका रुपमा लामो समय सेवा गरे । उनी राष्ट्रिय योजना आयोगको सदस्य तथा राष्ट्रिय किसान आयोगको अध्यक्षसमेत र हिसकेका छन् । राजनीतिक रुपमा दंगाल अनेरास्ववियुमा विभिन्न जिम्मेवारीमा रही सक्रिय रहेका थिए । नेकपा एमालेका विभिन्न कमिटीमा क्रियाशील रहेका उनी पार्टीको पूर्वकेन्द्रीय कमिटी सदस्यसमेत हुन् । हाल दंगाल नेकपा एमालेको प्रतिनिधि परिषद् सदस्यका रुपमा जिम्मेवारी निर्वाह गरिरहेका छन् ।

उनको प्रारम्भिक शिक्षा इटहरीमा र उच्चशिक्षा धरानको महेन्द्र बहुमुखी क्याम्पस तथा विराटनगरमा भएको थियो । दंगालको पहिचान राजनीतिमा मात्र सीमित छैन । उनले त्रिभुवन विश्वविद्यालयबाट 'ग्रामीण अर्थतन्त्र र खाद्य सम्प्रभुता' विषयमा विद्यावारिधि गरेका छन् । मीनभवन क्याम्पसबाट व्यवस्थापनमा स्नातक र स्नातकोत्तर गरेका दंगालले प्राज्ञिकज्ञानलाई किसान आन्दोलन र नीतिगत बहसमा जोड्दै आएका छन् । २०३५/३६ सालको विद्यार्थी आन्दोलनबाट राजनीतिमा प्रवेश गरेका दंगाल अनेरास्ववियुको विभिन्न तहमा रहेर काम गरे ।

उनी लामो समयदेखि अखिल नेपाल किसान महासंघमा आबद्ध रहेका छन् । महासंघको महासचिवका रुपमा लामो समय जिम्मेवारी सम्हालेका उनी विगत ५ वर्षदेखि केन्द्रीय अध्यक्ष छन् । दंगालले सबै महादेशका करिब चार दर्जन देशको भ्रमण गरेका छन् । विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सम्मेलन, विचार गोष्ठीमा सहभागी भई उनले खाद्यसम्प्रभुता, जलवायु परिवर्तन, दिगो विकास तथा किसान आन्दोलनका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

लेखन तथा प्रकाशनमा पनि सक्रिय दंगालले खाद्यसम्प्रभुता, नवउदारवाद र सार्वभौम राज्यका विकल्प, जलवायु परिवर्तन र दिगो विकास तथा नेपाली किसान आन्दोलनसम्बन्धी विभिन्न पुस्तक प्रकाशन गरे । नीति निर्माण, किसान अधिकार र अन्तर्राष्ट्रिय बहसमा उनको भूमिका प्रभावशाली मानिन्छ ।

कमाने प्रिमियर लिग:

# कमाने एक्सपर्ट भिजनको पहिलो र कमाने लायन्सको दोस्रो जित



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौंडा-८, कमानेस्थित कमाने क्रिकेट क्लबको आयोजना जारी चौंथो संस्करणको कमाने प्रमियर लिग क्रिकेट प्रतियोगितामा कमाने एक्सपर्ट भिजन-११ ले पहिलो जित निकालेको छ । आइतबार हेटौंडा-८, स्थित चन्द्रोदय माध्यमिक विद्यालयको खेलमा जारी प्रतियोगिता अन्तर्गतको दोस्रो दिनको खेलमा कमाने राइडर्सलाई ७१ रनले कमाने एक्सपर्ट भिजन-११ ले हराएको छ । यस अघि शनिबार भएको पहिलो खेलमा कमाने इप्लानेट ब्लास्टरसँग ६ विकेटले कमाने एक्सपर्ट भिजन पराजित भएको थियो ।

पहिले ब्याटिङ गरेको कमाने एक्सपर्ट भिजन-११ ले निर्धारित २० ओभरमा ४ विकेटको क्षतिमा का १ सय ८६ रन बनाउन सफल भएको हो । सञ्जीव थापाले ५८ बलमा ९७ रन बनाउँदै अर्धशतक प्रहार गरेका थिए । यद्यपि, थप ३ रन जोड्न सफल भएको भए उनी शतक पूरा गर्न सक्थे । सुजित पटेलले १८ बलमा ४१ रन इरफान अलिले ३६ बलमा २३ रनको योग्दान दिएका थिए ।

कमाने राइडर्सबाट नवि आलमले २ विकेट, प्रविन घिमिरे र राम नरेश गिरीले समान १/१ विकेट लिएका थिए । १ सय ८७ रनको लक्ष्य पच्छ्याएर जवाफी ब्याटिङ गरेको कमाने राइडर्सले १९ ओभर ५ बलमा १ सय १६ रन बनाउँदै सबै विकेट गुमाउन पुग्यो । कमाने राइडर्सका लागि विष्णु राउतले २३ बलमा ३३ रन, प्रविन घिमिरेले १५ बलमा १६ रन र सुखेन्दु समनथाले २६ बलमा १३ बनाएका थिए । कमाने एक्सपर्ट भिजनबाट असीम श्रेष्ठ, सन्जीव थापा र सागर मगरले समान २/२ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच सन्जीव थापा घोषित भएका छन् ।

यस्तै, कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगितामा कमाने लायन्सले दोस्रो जीत दर्ता गरेको छ । हेटौंडा-८,कमानेस्थित कमाने क्रिकेट क्लबको आयोजनामा चन्द्रोदय माध्यमिक विद्यालयको खेल मैदानमा जारी प्रतियोगिता अन्तर्गत आइतबार भएको दोस्रो दिनको दोस्रो खेलमा कमाने थर्ड आइ समुराई जापानलाई ८ विकेटले पराजित गरेको छ । लिग चरणको २ खेल खेलेको शुभ कंसकार सम्मलित कमाने लायन्सले २ खेलमै जीत निकालेको छ भने कमाने थर्ड आइ जापान पहिलो खेलमा पराजित भएको छ । हिजो शनिबार भएको आफ्नो पहिलो खेलमा कमाने लायन्सले कमाने रोयल्सलाई पराजित गरेको छ । पहिले ब्याटिङ गरेको थर्ड आइ जापनले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ११३ रन बनाएको थियो ।

कमाने थर्ड आइ जापानबाट अहमद राजाले ४८ बलमा ४० रन जोडेका थिए । विशेष विक्रम थापाले १६ बलमा १९ रन र गोकुल चौलागाईंले ७ बलमा १७ रनको मात्र योग्दान दिन सके । बलिङतर्फ कमाने लायन्सबाट शुभ कंसकारले सर्वाधिक ४ विकेट लिएका थिए । अरुण दाहालले २ विकेट र समीर चौलागाईंले १ विकेट लिएका थिए । १ सय १४ रनको लक्ष्य पछ्याएर जवाफी ब्याटिङ गरेको कमाने लायन्सले १० ओभर ५ बलमा २ विकेट गुमाउँदै कमाने थर्ड आइ जापानले दिएको रनको लक्ष्य भेट्टाएको थियो । कमाने लायन्सका लागि शुभ कंसकारलेनै ३६ बलमा सर्वाधिक ७६ रन बनाउँदै अर्ध शतक प्रहार गरेका थिए ।

विकास डंगोलले ११ बलमा १३ रन र समीर चौलागाईंले १४ बलमा ११ रनको मात्र योग्दान दिन सफल भएका थिए । बलिङ तर्फ अहमद राजाले मात्र २ विकेट लिएका थिए । दोस्रो दिनको खेलको म्यान अफ द म्याच पनि शुभ कंसकारनै घोषित भएका छन् । लिग चरणको २ खेलमा २ जित निकालेको कमाने लायन्स तालिकाको शीर्ष स्थानमा रहेको छ भने २ खेलमा १ जीत १ हार व्यवहोरेको कमाने एक्स्पर्ट भिजन २ अक सहित तालिकाको दोस्रो स्थानमा रहेको छ ।

हेटौंडा-४,स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट प्रतियोगिताको मुख्य प्रयोजकको रुपमा रहेको छ भने ८ नम्बर वडा कार्यालय प्रतियोगिताको लागि प्रयोजकको रुपमा रहेको छ । प्रतियोगितामा ६ वटा टिमहरुको सहभागिता रहेको छ । लिग चरणको १ खेल खेलेर जीत निकालेको कमाने इप्लानेट ब्लास्टर २ अंकसहित तालिकाको तेस्रो स्थानमा रहेको छ । यस्तै, म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई ४० हजार रुपैयाँ बराबरको क्रिकेट किट दिन घोषणा गरेका छन् ।

प्रतियोगिताको उपाधि विजेता टिमले एकलाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ५/५ हजार रुपैयाँको नगद पुरस्कारको व्यवस्था गरिएको छ । यस्तै, म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई ४० हजार रुपैयाँ बराबरको क्रिकेट किट दिन घोषणा गरेका छन् ।

# ज्ञानदीपको खेलकुद कार्यक्रम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड तथा ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालयको २५औँ स्थापना दिवसको अवसरमा आन्तरिक प्रतियोगितात्मक खेलकुद कार्यक्रम सुरु भएको छ ।

कार्यक्रमको उद्घाटनसँगै कक्षा ८ र ९ का विद्यार्थीबीच विभिन्न कक्षागत खेलकुद प्रतियोगिता सम्पन्न भएका छन्।प्रतियोगिता अन्तर्गत १००x४ छात्र रिले दौडतर्फ युनिक घलान, समृत सापकोटा, आङ्तेन मोक्तान र आदर्श श्रेष्ठ सम्मिलित टोली प्रथम भएको छ भने समृद्ध ढुंगाना, सफल थापा, नमन अधिकारी र आयन श्रेष्ठको टोली दोस्रो तथा प्रेरक गौतम, परिवर्तन अर्याल, समिन नेगी र आयुष भण्डारीको टोली तेस्रो भएको छ। ४०० मिटर दौडतर्फ कक्षा ९ का छात्रमा आदर्श श्रेष्ठ प्रथम, आयुष भण्डारी दोस्रो र आङ्तेन मोक्तान तेस्रो भएका छन् भने कक्षा ८ का छात्रमा युनिक घलान प्रथम, समृद्ध ढुंगाना दोस्रो र आयन श्रेष्ठ तेस्रो भएका छन् । छात्रातर्फ कक्षा ९ मा सदिक्षा थोकर प्रथम, पुष्पा तिमल्सिना दोस्रो र राशिका चौधरी तेस्रो भएका छन् भने कक्षा ८ मा प्रकृति पुडासैनी प्रथम, पेमा याङ्गी तामाङ दोस्रो र आर्शु शाक्य तेस्रो भएका छन्।

यसैगरी १०० मिटर दौडतर्फ कक्षा ९ का छात्रमा आदर्श श्रेष्ठ प्रथम, प्रेरक गौतम दोस्रो र आयुष भण्डारी तेस्रो भएका छन् भने कक्षा ८ का छात्रमा समृत सापकोटा प्रथम, आदर्श राज दोस्रो र युनिक घलान तेस्रो भएका छन्। छात्रातर्फ कक्षा ९ मा सदिक्षा थोकर प्रथम, पुष्पा तिमल्सिना दोस्रो र राशिका चौधरी तेस्रो भएका छन् भने अर्को समूहमा लकिसा थापामगर प्रथम, प्रकृति पुडासैनी र सुभाना ढकाल संयुक्त दोस्रो तथा युनिसा लम्साल तेस्रो भएकी छन् ।

सटपुटतर्फ कक्षा ९ का छात्रमा आदर्श श्रेष्ठ प्रथम, आङ्तेन मोक्तान दोस्रो र सक्सेस बिष्ट तेस्रो भएका छन् भने कक्षा ८ का छात्रमा पुनिक सिँजाली प्रथम, सफल थापा दोस्रो र समृद्ध ढुंगाना तेस्रो भएका छन्। छात्रातर्फ कक्षा ९ मा पुष्पा तिमल्सिना प्रथम, सदिक्षा थोकर दोस्रो र राशिका चौधरी तेस्रो भएकी छन् भने कक्षा ८ मा प्रकृति पुडासैनी प्रथम, परिधि सापकोटा दोस्रो र सुरश्ना सापकोटा तेस्रो भएकी छन्।

प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई माघ १८ गते मेडल, ट्रफी तथा प्रमाणपत्र वितरण गरिने विद्यालयले जनाएको छ । साथै, सोमबार कक्षा नर्सरीदेखि कक्षा ३ सम्मका विद्यार्थीहरूका लागि खेलकुद प्रतियोगिता विद्यालय प्राङ्गणमा आयोजना गरिनेछ ।

मौरी किसानदेखि राष्ट्रिसभासम्मको यात्रा

# को हुन् गीता देवकोटा ?



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ वि.सं. २०२८ सालमा जन्मिएकी गीता देवकोटा लामो समयदेखि राजनीति, समाजसेवा र कृषक अधिकारका क्षेत्रमा सक्रिय रहँदै आएकी छिन् ।

नेपाली काँग्रेससँग आबद्ध देवकोटाले वि.सं. २०४४ सालदेखि नेपाल विद्यार्थी संघमार्फत सक्रिय राजनीतिक जीवनको सुरुवात गरेकी हुन् । त्यसयता उनले निरन्तर नेपाली काँग्रेसको मूलप्रवाहमा समर्पित रहँदै विभिन्न जिम्मेवारी निर्वाह गर्दै आएकी छिन् । पटकपटक महाधिवेशन प्रतिनिधिका रुपमा सहभागी भएकी देवकोटा नेपाली काँग्रेसको १४औँ महाधिवेशनमा केन्द्रीय सदस्य पदको प्रत्यासीसमेत रहेकी थिइन् । देवकोटाले स्थानीय तहमा विभिन्न जिम्मेवारी निर्वाह गर्नुका साथै नेपाल महिला संघमा सक्रिय भूमिका निभाएकी छन् ।

उनी नेपाल रेडक्रस सोसाइटीमा आबद्ध हुनुका साथै सहकारी संस्थामा नेतृत्वदायी सहभागिता जनाउँदै आएकी छिन् । सामुदायिक विद्यालय व्यवस्थापन समितिमा योगदान र विभिन्न सामाजिक संघसंस्थामा सक्रिय संलग्नताले उनको सामाजिक पहिचानलाई थप बलियो बनाएको छ । पेशागतरुपमा मौरीपालक किसान रहेकी देवकोटा मौरीपालक किसान महासंघको उपाध्यक्ष समेत हुन् । देशभरका मौरीपालक तथा किसानले भोगिरहेका समस्या, चुनौती र सम्भावनासँग नजिकबाट परिचित रहँदै उनले किसानका हकहितका विषयमा सरकारको ध्यानाकर्षण गराउन सक्रिय पहल गर्दै आएकी छिन् ।

देवकोटाको जीवन संघर्षले भरिएको छ । वि.सं. २०४९ सालमा तत्कालीन नेपाली काँग्रेसका कर्मठ तरुण रहेकी उनका श्रीमान् सवारी दुर्घटनामा निधन भएपछि, काखमा दुधेबालक बोकेर उनले जीवन संघर्षको यात्रा सुरु गरिन् । परिवार, पार्टीप्रेमी अभिभावक, आफन्तजन तथा शुभेच्छुकको माया, सहयोग र प्रेरणाले उनलाई समाजसेवामा अझ दृढतापूर्वक लाग्न प्रेरित गऱ्यो । राष्ट्रियसभा सदस्यमा निर्वाचित भएसँगै देवकोटाबाट किसान, महिला, सामाजिक सेवा र लोकतान्त्रिक मूल्यको पक्षमा प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।


## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**

- न्यानो कपडा, टोपी, मोजा, पञ्जा अनिवार्य प्रयोग गरौं।
- घाम ताप्ने, हल्का व्यायाम गर्ने बानी बसालौं।
- अत्यधिक चिसोमा बिहान-साँझ बाहिर ननिस्कौं।
- भिजेका कपडा तुरुन्तै फेरेर शरीर सुकाऔं।

**जेष्ठ नागरिकका लागि विशेष ध्यान**

- लामो समय चिसोमा बस्न नदिनुहोस्।
- नियमित औषधि समयमा सेवन भएको सुनिश्चित गर्नुहोस्।
- बढी चिसो वा ज्वरो आए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।
- तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस्।

**बालबालिकालाई जोगाउने तरिका**

- न्यानो र सफा कपडा लगाइदिनुहोस्।
- नवजात शिशु विशेष सुरक्षा-चिसो हावा सिधै नलाग्ने व्यवस्था ।
- तातो, पचिलो खाना र पर्याप्त तातोपानी पिउन दिनुहोस्।
- खोकी, ज्वरो वा सास फेर्न गाह्रो भए तुरुन्त स्वास्थ्यकर्मी सम्पर्क गर्नुहोस् ।

**घरभित्र ध्यान दिनु पर्ने कुराहरू**

- न्यानो र हावापास हुने व्यवस्था मिलाओस् ।
- हीटर/अंगिठी सुरक्षित प्रयोग गरौं ।
- धुवाँ-धुलोबाट जोगाउने उपाय अपनाऔं ।

**आपतकालीन अवस्था**

- शरीर अत्यधिक चिसिनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुनु, बेहोसजस्तो हुनु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस् ।

**हेटौंडा उपमहानगरपालिका**
**१५ नं. वडा कार्यालय**
चुरियामाई, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना